सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ जेठ २०८१, शुक्रबार (24 May 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ४२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

नागरिकताबारे सिरोहियाको प्रस्टीकरण



काठमाडौं/ नागरिकतासम्बन्धी कसुरको अनुसन्धानका लागि धनुषा प्रहरीको हिरासतमा रहेका कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाले अदालतमा दिएको बयानबारे जानकारी गराउँदै प्रस्टीकरण दिएका छन् । प्रहरीमा परेको जाहेरीमा गरिएका दाबी, सरकारी वकिल कार्यालयले लिएको जानकारी र अदालतमा दिएको बयानबारे आफ्ना कानुन व्यवसायीमार्फत उनले प्रस्टीकरण दिएका हुन् । गत मंगलबार थापाथलीस्थित कान्तिपुरको कार्यालयबाट सिरोहियालाई पक्राउ गरी धनुषा लगिएको थियो ।

आफूविरुद्ध जाहेरी दिने इन्द्रजितप्रसाद महतोलाई नचिनेकाले व्यक्तिगत रिसइबीको गुज्जायस नरहेको सिरोहियाले बताएका छन् । 'कसैको प्रतिशोध र इसारामा यो काम गरेका हुन् भन्ने मेरो दाबी छ । मैले उनलाई माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने र रास्वपाका सांसद मनीष झासँग एउटै टेबलमा बसेर छलफल गरिरहेको फोटो सार्वजनिक भएपछि पहिलोपटक देखेको हुँ । साथै, निज महतो रास्वपाको मधेश प्रदेश कार्यसमितिको सदस्यसमेत रहेको जानकारी पनि समाचार पढेर थाहा पाएको हुँ,' उनले भनेका छन् ।

नागरिकता र प्रतिलिपिबारे

आफू २९ मंसिर ०१९ मा धनुषामा जन्मिएको, २५ भदौ ०३६ मा जिल्ला प्रशासन कार्यालयबाट वंशजको आधारमा ३९६९८८८६ नम्बरको नागरिकता प्राप्त गरेको सिरोहियाले बताएका छन् । 'नागरिकता प्राप्त गरेको करिब ४४ वर्ष भएको छ । तत्कालीन समयमा नेपाली कागजमा वितरण हुने नागरिकता पुरानो भएकाले ०५७ साल असोज २९ मा प्रतिलिपिसमेत लिएको छु । तर, मैले एउटा मात्र नागरिकता लिएको छु,' उनले भनेका छन्, 'दुई-तीन थरी नागरिकता बनाएको भनेर बजारमा हल्ला गरिएको छ, तर मलाई प्रहरीले लगाएको आरोपमा त्यो विषय भने समावेश छैन ।'



सुनसरीमा ओलीले भने-
अनुसन्धानका लागि पक्राउ गरिँदा प्रेस स्वतन्त्रता हनन हुँदैन
(समाचार पृष्ठ ३)

आफूआबद्ध कम्पनीका प्रबन्ध-पत्रमा नागरिकताको नम्बर फरक भएको विषय कम्पनीसचिवले टाइप गर्दा त्रुटि भएको सिरोहियाको प्रस्टीकरण छ । 'तर, प्रबन्ध-पत्रसहित पेस गरिएको कागजपत्रमा मेरो नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न भएकाले नम्बरको विषय स्वतः सम्बोधन हुन्छ । एउटाबाहेक नागरिकता बनाएको वा प्रयोग गरेको भए कानुनबमोजिम हदैसम्मको दण्ड भोग्न तयार छु,' उनले भनेका छन् ।

सरकारी ढड्डामा अभिलेख नभेटिएकोबारे

आफ्नो राष्ट्रिय परिचयपत्र, राहदानी, सवारीचालक अनुमतिपत्र, मतदाता परिचयपत्रलगायतमा एउटै नागरिकता नम्बर रहेको सिरोहियाले उल्लेख

» पृष्ठ २ मा क्रमशः

निर्यात प्रोत्साहन गर्न १२ वर्षमा उद्योगीलाई सवा सात अर्ब अनुदान, तर बढेन निर्यात

राज्यबाट लिएको नगद अनुदान अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन, प्रविधि तथा क्षमताको विकास र विद्युतीय व्यापारको क्षेत्रमा खर्च गर्नुपर्ने प्रावधान, तर अनुदानको सदुपयोग नभएको भन्दै महालेखाले प्रत्येक वर्ष उठाउँछ प्रश्न



अनुदान दिएर ठूला बजारमा पहुँच बढेन, प्रभावकारिताबारे मूल्यांकन गर्ने वेला भइसक्यो

● **पारस खरेल**, वाणिज्यविज्ञ



निर्यातमा प्रोत्साहन गर्ने बजेट अपुग भयो, त्यसमाथि वस्तुपिच्छे अनुदानमा विभेद गरिएको छ, यो हट्नुपर्छ

● **राजेश अग्रवाल**, अध्यक्ष, नेपाल उद्योग परिसंघ

अजित अधिकारी, पवन तिमिल्सिना/नयाँ पत्रिका

वैदेशिक व्यापारमा निर्यात बढाउन भन्दै सरकारले विभिन्न उद्योगीलाई १२ वर्षमा सात अर्ब २४ करोड ८७ लाख बाँडिसकेको छ । तर, निर्यात भने गुणात्मक रूपमा बढ्न सकेको छैन । विश्वबजारमा नेपाली वस्तुको पहुँच वृद्धिका लागि सहजीकरण गर्न सरकारले आव ०६७/६८ को बजेटमार्फत विभिन्न वस्तुमा अनुदान दिने कार्यक्रम ल्याएको हो ।

उद्योगले निर्यात गरेर प्राप्त गरेको डलर बैंक खातामा दाखिला भएको प्रमाणका आधारमा नगद प्रोत्साहन दिने नीति लिएकोमा पहिलो वर्ष ०६७/६८ मा कार्यविधि निर्माणमा ढिलाइ हुँदा अनुदान वितरण हुन सकेन । ०६८/६९ को निर्यात परिमाणका आधारमा ०६९/७० देखि मात्रै अनुदान वितरण सुरु भएको थियो । निर्यात हुने सबै वस्तुमा नभई सीमित स्वदेशी कच्चा पदार्थमा आधारित र तुलनात्मक रूपमा धेरै मूल्य अभिवृद्धि हुन सक्ने वस्तुको निर्यातमा मात्रै अनुदान दिँदै आएको छ ।

» पृष्ठ २ मा क्रमशः



नियांत वस्तुको मूल्य		अनुदान पाएको रकम
०६८/६९	७४ अर्ब ९ करोड	
०६९/७०	७६ अर्ब ९१ करोड	३ करोड ३७ लाख
०७०/७१	८९ अर्ब ६२ करोड	४२ करोड ४५ लाख
०७१/७२	८५ अर्ब १९ करोड	२५ करोड २६ लाख
०७२/७३	७० अर्ब २५ करोड	१९ करोड ९१ लाख
०७३/७४	७३ अर्ब ३ करोड	२८ करोड २४ लाख
०७४/७५	८१ अर्ब ३५ करोड	२२ करोड ५६ लाख
०७५/७६	९७ अर्ब १० करोड	३५ करोड ५४ लाख
०७६/७७	९७ अर्ब ७० करोड	८५ करोड ८३ लाख
०७७/७८	१ खर्ब ४१ अर्ब	१ अर्ब २८ करोड ८६ लाख
०७८/७९	२ खर्ब	१ अर्ब ४२ करोड ८५ लाख
०७९/८०	१ खर्ब ५७ अर्ब	१ अर्ब
०८०/८१	-	९० करोड

यस वर्ष चार अर्ब ४० करोड चाहिने

चालू आव ०८०/८१ मा चैत मसान्तसम्म ९० करोड रुपैयाँ वितरण भइसकेको विभागले जनाएको छ । गत आवमा निर्यात भएको एक खर्ब ५७ अर्ब रुपैयाँबराबरको वस्तुका लागि अहिले निर्यात प्रोत्साहन रकम निकासा भइरहेको उद्योग विभागका निर्देशक अर्जुनसेन ओलीले जानकारी दिए । 'थोरै परिमाणमा निर्यात गर्ने उद्योगहरूले पैसा पाइसकेका छन्,' उनले भने, 'अलि ठूला उद्योग र धेरै रकम पाउनुपर्ने निर्यातकर्ताको हकमा थप रकम मान्ने काम भएको छ ।'

गत आवमा निर्यात गरेबापत अनुदान लिनका लागि चार सय ६२ उद्योग योग्य रहेको प्रमाणीकरण भएको ओलीले जानकारी दिए । 'गत आवमा मुलुकबाट विभिन्न वस्तु तथा सेवा निर्यात गर्नेमध्ये चार सय ६२ उद्योग अनुदानका लागि योग्य रहेको भनी प्रमाणित भएका छन् । उनीहरूलाई भुक्तानी दिने प्रक्रिया पनि थालिएको छ,' उनले भने ।

- गत वर्ष ५० करोडभन्दा बढीको निर्यात गर्नेले अनुदान पाउन बाँकी
- कंक्रिट टायल निर्यातमा पनि नगद प्रोत्साहन माग

चार सय ६२ उद्योगलाई चार अर्ब ४० करोड रुपैयाँ नगद अनुदानबापत दिनुपर्नेछ । वितरण भइसकेको ९० करोडबाहेक राष्ट्र बैंक र उद्योग मन्त्रालयले नगद अनुदानका लागि अपुग भनेर एक अर्ब १० करोड अर्थ मन्त्रालयलाई निकासाका लागि पत्राचार गरिसकेका छन् । राष्ट्र बैंकले यसबाहेक थप दुई अर्ब ४० करोड चाहिने भनेर उद्योगमा पत्राचार गरिसकेको विभागका निर्देशक ओलीले जानकारी दिए । राष्ट्र बैंकको पत्रपछि अर्थ मन्त्रालयमा थप रकम निकासका लागि पत्राचार गर्न लागेको उनले बताए ।

गत आर्थिक वर्षमा पाल्पा, अर्घाखाँची र सम्राट सिमेन्टले भारततर्फ ठूलो परिमाणमा सिमेन्ट र क्लिंकर निर्यात गरेका कारण उनीहरूले पाउनुपर्ने अनुदानबापतको रकम ठूलो हुन गई यस वर्ष तुलनात्मक रूपमा धेरै रकम दिनुपर्ने देखिएको हो । सिमेन्ट, क्लिंकर, स्टिललगायतले आठ प्रतिशतसम्म निर्यात अनुदान पाउने व्यवस्था छ ।

पुनः देखिन थाल्यो डेंगु संक्रमण

छैन नियन्त्रणको तयारी



काठमाडौंमा पानी पर्न थालेलगत्तै डेंगुका बिरामी अस्पताल आउन थालेको चिकित्सकहरूको भनाइ

(विस्तृत पृष्ठ ३)

२४ खर्ब ऋणमा मुलुक

ऋण उत्पादनमूलक क्षेत्रमा खर्च भएन : वित्त आयोग

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ मधेशमा पानीको हाहाकार, काठमाडौंमा प्रदर्शन



मधेशका बासिन्दा पानी माग्दै २५ दिन पैदल हिँडेर काठमाडौं पुगेका छन् । वनजंगलसहित चुरे विनाश र जथाभावी ढुंगा, गिटी झिक्दा तराई-मधेशमा पानीको समस्या बढेपछि 'चुरे संरक्षण पदयात्रा' काठमाडौंमा पुगेको हो । चुरे तथा वनजंगल संरक्षण अभियानको ब्यानरमा १६ वैशाखमा मधेश प्रदेशका धनुषा, सिराहा, रौतहटलगायत क्षेत्रबाट आएका २३ जनाले माइतीघरमा प्रदर्शन गरेका हुन् । बिहीबार बिहानै कलंकीबाट माइतीघर पुगेकाहरूले भाँडामा 'मधेशलाई मरुभूमि हुनबाट बचाऊ, मधेशमा पानीको हाहाकार, जिम्मेवार को ?, पानीका लागि रुख बचाऊँ, पानी दे सरकार, चुरे र वनको संरक्षण गर'लगायतका नारा लेखेका छन् । पानी माग्दै ०८० असारमा वीरगन्जदेखि काठमाडौं ११ दिनमा, त्यसपछि ०८० माघमा सप्तरीदेखि वीरगन्जसम्म ११ दिन पैदल यात्रा गरेका थिए ।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

रुसी सेनामा मारिएका नेपालीका परिवारले अझै पाएनन् राहत

पशुराम काफ्ले/नयाँ पत्रिका

रुसी सेनामा कार्यरत रहेका र युक्रेनसँगको युद्धका क्रममा मारिएका नेपालीका परिवारले अझै क्षतिपूर्ति पाउन सकेका छैनन् । हालसम्म रुस-युक्रेन युद्धका क्रममा रुसी सेनाका तर्फबाट खटिएका ३९ जना नेपालीको मृत्यु भइसकेको छ । परिवारजनका अनुसार दर्जनौं घाइते र बेपत्ता छन् ।

'अहिलेसम्म सुरुमा मृत्यु भएका सातजना नेपालीको कागजपत्र पठाइएको छ, र उनीहरूको परिवारलाई क्षतिपूर्तिका लागि नेपाल सरकारले कूटनीतिक प्रयास जारी राखेको छ,' परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईले नयाँ पत्रिकासँग भने, 'सुरुमा सातजनाको क्षतिपूर्तिका लागि प्रतीक्षारत छौं । बाँकीको हकमा पनि हामीले क्षतिपूर्तिका लागि प्रयास जारी राखेका छौं ।'

रुसी सेनामा कार्यरत ३९ जनाको मृत्यु भइसकेको जानकारी आएपछि परिवारले उनीहरूको काजकिरिया नै गरिसकेको छ । नेपालस्थित रुसी राजदूतावास र रुसस्थित नेपाली राजदूतावासबाट परराष्ट्र मन्त्रालयले क्षतिपूर्तिका लागि प्रयास जारी राखेको प्रवक्ता राईले बताए ।

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले रुसी समकक्षी सेर्गेई लाभरोभसँग २९ फागुनमा टेलिफोनमा कुरा गरे पनि परिवारले क्षतिपूर्ति अझै पाउन सकेका छैनन् ।

सातजनाको विवरण बुझाएका छौं, क्षतिपूर्तिका लागि कूटनीतिक प्रयास जारी छ



● **अमृतबहादुर राई**, प्रवक्ता, परराष्ट्र मन्त्रालय

अहिलेसम्म सुरुमा मृत्यु भएका सातजना नेपालीको कागजपत्र पठाइएको छ र उनीहरूको परिवारलाई क्षतिपूर्तिका लागि सरकारले कूटनीतिक प्रयास जारी राखेको छ । सुरुमा सातजनाको क्षतिपूर्तिका लागि प्रतीक्षारत छौं । बाँकीको हकमा पनि हामीले क्षतिपूर्तिका लागि प्रयास जारी राखेका छौं ।

हालसम्म ३९ जनाको मृत्यु भएको छ, थप १८ को मृत्यु पुष्टि हुन बाँकी रहेको स्थिति छ



● **कृतु भण्डारी**, अभियन्ता

हालसम्म ३९ जनाको मृत्यु भएको छ । परिवारले काजकिरिया गरिसकेको अवस्था छ । थप १८ जनाको मृत्यु पुष्टि हुन बाँकी रहेको स्थिति छ । हालसम्म हामीले ६२० जनाको विवरण संकलन गरेका छौं । जसमध्ये ३९ जना मृतक, १८ जना मृत्यु भएको भनिएका, तर पुष्टि हुन बाँकी, पाँचजना युक्रेनको कब्जामा, ११७ जना घाइते, २७२ जना सम्पर्कविहीन छन् ।

पूर्वमन्त्री गोविन्दराज जोशीसमेतका सात भ्रष्टाचार मुद्दा

सर्वोच्च पुगेको १२ वर्षपछि सुनुवाइ सुरु

नयाँ पत्रिका



गोविन्दराज जोशी, पूर्वमन्त्री

पूर्वमन्त्री गोविन्दराज जोशीसमेत प्रतिवादी रहेको लगाउका सात मुद्दामा सर्वोच्च पुगेको १२ वर्षपछि सुनुवाइ सुरु भएको छ । न्यायाधीशद्वय विनोद शर्मा र बालकृष्ण ढकालको इजलासले १ जेठदेखि सातै मुद्दालाई हेर्दाहेर्दैमा राखेर अन्तिम फैसला दिने गरी सुनुवाइ गरिरहेको हो । सुनुवाइ भइरहेका मुद्दाहरू सर्वोच्चमा ०६९ फागुनदेखि ०७० साउनसम्म दर्ता भएका थिए ।

गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा सरकारका तर्फबाट तारा‌राज पाण्डेविरुद्ध एक र गोविन्दराज जोशीसमेत ६ जनाविरुद्ध अर्को गरी दुई मुद्दा दायर भएका छन् । त्यस्तै, तारा‌राज पाण्डेकै दुई पुनरावेदन छन्, यी पनि गैरकानुनी सम्पत्तिकै मुद्दा हुन् । अन्य तीन भ्रष्टाचारका मुद्दामध्ये एउटा दिनेशराज जोशी, वासुदेव पन्त र गोविन्दराज जोशीले पुनरावेदन गरेका छन् ।

नेपाल आयल निगमका पूर्वमहाप्रबन्धक युवराज शर्माको मुद्दामा फैसला आएपछि आय गणनाका विषय जोडिएका भ्रष्टाचारका अन्य मुद्दाहरूमा सुनुवाइ हुने बाटो खुलेको हो । शर्माको मुद्दा ९ चैत ०६९ मा दर्ता भएकोमा सर्वोच्चको पूर्ण इजलासबाट २८ असार ०७९ मा टुंगिएको थियो । यद्यपि, कृषि आयका साथै आय गणनाका विषयमा नजिर हुन सक्ने कारण देखाउँदै यस्तै प्रकृतिका अन्य मुद्दाको सुनुवाइ रोकिएको थियो । शर्माको मुद्दामा पूर्णपाठ नआउँदा गैरकानुनी सम्पत्तिका अरू मुद्दाका कानुन व्यवसायीले सुनुवाइ टार्ने गरेका थिए । शर्माको मुद्दामा हालै सार्वजनिक पूर्णपाठमा कृषि आयको व्याख्या भएपछि भने अन्य मुद्दामा सुनुवाइ तथा फैसलाको बाटो छ ।

जोशी प्रतिवादी रहेको मुद्दामा विशेष अदालतका तत्कालीन अध्यक्ष गौरीबहादुर कार्की तथा

» पृष्ठ २ मा क्रमशः

■ सदनमा आजदेखि नीति तथा कार्यक्रममाथि छलफल

सहमति नजुटे अवरोधबीच नै पारित गर्ने तयारी

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा नीति तथा कार्यक्रममाथि छलफल र उठेका प्रश्नहरूको जवाफ दिने सम्भावित कार्यसूची

कमलराज भट्ट/नयाँ पत्रिका

संसदीय समितिको कार्यादेशलाई लिएर सत्तापक्ष र विपक्षीबीच सहमति नजुट्दा सदनको अवरोधबीच सरकारको नीति तथा कार्यक्रममा आजदेखि दुवै सभामा छलफल हुँदै छ । सरकारले सदनमा पेस गरेको आगामी आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रममाथि छलफलका लागि प्रतिनिधिसभा बैठक ११ बजे र राष्ट्रिय सभा बैठक १:१५ बजे बोलाइएको छ ।

सहकारी अपचलनमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको संलग्नता रहेको दाबी गर्दै संसदीय छानबिन समिति मागिरहेको काङ्ग्रेसले निरन्तर संसद् अवरुद्ध गर्दै आएको छ । समितिको क्षेत्राधिकारमा सहमति नजुट्दा शुक्रबार पनि काङ्ग्रेससहित विपक्षी दलहरूको अवरोध कायमै रहने सम्भावना छ । अर्कोतर्फ, विपक्षीहरूको अवरोधबीच नीति तथा कार्यक्रममा छलफल चलाएर शुक्रबार नै पारित गर्ने सरकारको तयारी छ ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा नीति तथा कार्यक्रममाथि छलफल र छलफलमा उठेका प्रश्नहरूको जवाफ दिने सम्भावित कार्यसूची छ । यसअनुसार प्रधानमन्त्रीले सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्ने, सांसदहरूबाट प्राप्त संशोधनहरू प्रस्तुत हुने र छलफल प्रारम्भ हुनेछ । छलफलको क्रममा उठेका प्रश्नहरूको प्रधानमन्त्रीले जवाफ दिनेछन् ।

जवाफपछि सभामुख देवराज घिमिरेले प्राप्त संशोधनहरू र नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्ने कार्यसूची छ । राष्ट्रिय सभामा पनि नीति तथा

» पृष्ठ २ मा क्रमशः

■ अझै जुटेन कार्यादेशमा सहमति



● **जीवन परियार**
काङ्ग्रेसबाट कार्यदल सदस्य

जसबारे छानबिन समिति बनाउनुपर्छ भनेका छौं, त्यहाँ नपुगेसम्म मान्दैनौं । बिहीबारको बैठकमा पनि त्यही दोहोऱ्याएका छौं । सम्बन्धित व्यक्तिकै बारे छानबिन नहुने गरी कार्यदलमा सहमति गर्न काङ्ग्रेस तयार छैन ।



● **शिशिर खनाल**
रास्वपाबाट कार्यदल सदस्य

हामीले व्यक्तिकेन्द्रित समिति बनाउँदा न्यायोचित हुँदैन भन्यौं । यही विषय काङ्ग्रेसँग प्रस्ताव गर्‍यौं । उहाँहरूले पार्टी नेतृत्वसँग छलफल गर्छौं भन्नुभएको छ । सहमति बनेको छैन, तर छलफल सकारात्मक रूपमा बढेको छ ।



रमेश लेखक,
प्रमुख सचेतक, काङ्ग्रेस

सदन चल्ने-नचल्ने सरकारको प्रस्तुतिमा भर पर्छ

काङ्ग्रेस प्रमुख सचेतक रमेश लेखकले सहमति बनेको अवस्थामा मात्रै काङ्ग्रेस संसद् सञ्चालन गर्न तयार हुने बताए । उनले शुक्रबार संसद्को कामकारबाही चल्ने-नचल्ने सरकारको प्रस्तुतिमा भर पर्ने बताए । शुक्रबार बिहान कार्यदलमा छलफल हुन्छ । छलफलपछि कसरी अगाडि बढ्ने तय हुन्छ,' उनले नयाँ पत्रिकासँग भने, 'हाम्रो मागअनुसार समिति बन्ने अवस्था नआएसम्म सदन चल्न दिँदैनौं ।'

सरकारले वेला घेराउ र अवरोधबीच सदनका काम-कारबाही धमाधम अगाडि बढाएपछि काङ्ग्रेस रुष्ट छ । उसले सदनसँगै सडकबाट समेत दबाब दिनेगरी प्रदर्शनका कार्यक्रम तय गरेको छ । सहमति नभए शुक्रबार पनि सदनमा अवरोध देखिने निश्चित छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौको धितोमा रहेको सम्पति पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०२/११ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ जेठ १८ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण

क. नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्टर्डको कार्यालय काठमाण्डौमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम मिति २०७४/१०/१९ मा प्रा.लि.नं. १८२९८९/०७४/०७५ मा दर्ता भई आन्तरिक राजश्व कार्यालय नेपालगंजबाट मिति २०७४/११/०२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६०६७९१३४८ को प्रमाणपत्र प्राप्त जुम्ला जिल्ला, चन्दननाथ न.पा. वडा नं.०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **अमित निर्माण सेवा प्रा.लि.** ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **तारा सिंह कठायत**
ना.प्र.नं.- ६०/१०२७/१०७
जारी मिति - २०४२/०१/०३, जि.प्र.का. जुम्ला
बाबु - अदन सिंह कठायत
बाजे - कालु सिंह कठायत
स्थायी ठेगाना- जुम्ला जिल्ला, चन्दननाथ गा.वि.स/न.पा, वडा नं. ६

२. **राजु सिंह कठायत**
ना.प्र.नं.- १०२६/११३
जारी मिति - २०४२/०१/०३, जि.प्र.का. जुम्ला
बाबु - अदन सिंह कठायत
बाजे - कालु सिंह कठायत
स्थायी ठेगाना- जुम्ला जिल्ला, चन्दननाथ गा.वि.स/न.पा, वडा नं. ७

३. **आशा वस्नेत**
ना.प्र.नं.- १५५८
जारी मिति - २०४३/०५/३०, जि.प्र.का. जुम्ला
बाबु - अदन सिंह कठायत
बाजे - कालु सिंह कठायत
स्थायी ठेगाना- रामेछाप जिल्ला, कुम्बुस्थली गा.वि.स/न.पा, वडा नं. ८

४. **सुशीला कठायत**
ना.प्र.नं.- २७-०१-७४-१६१९०
जारी मिति - २०७४/१२/२२, जि.प्र.का. काठमाण्डौ
बाबु - अदन सिंह कठायत
बाजे - कालु सिंह कठायत
पति - चेतन राज गिरी
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ गा.वि.स/न.पा, वडा नं. १

५. **सिता लामा (तामाङ)**
ना.प्र.नं.- ११५६९१
जारी मिति - २०६०/०८/०५, जि.प्र.का. सिन्धुपाल्चोक
बाबु - सुभई तामाङ
पति - छत्र बहादुर तामाङ
स्थायी ठेगाना- सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी गा.वि.स/न.पा, वडा नं. ४

ऋणीको विवरण

ख. कालु सिंह कठायतको नाति, अदन सिंह कठायतको छोरा, जुम्ला जिल्ला, चन्दननाथ गा.वि.स/न.पा, वडा नं. ६ बस्ने **तारा सिंह कठायत** (ना.प्र.नं. ६०1१०२७1१०७, जारी मिति २०४२/०१/०३, जिल्ला प्रशासन कार्यालय जुम्ला) ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **शान्ता भारती कठायत**
ना.प्र.नं.- २२३
जारी मिति - २०३८/०४/०९, जि.प्र.का. जुम्ला
बाबु - तुलाराज भारती
पति - तारा सिंह कठायत
स्थायी ठेगाना- जुम्ला जिल्ला, चन्दननाथ गा.वि.स/न.पा, वडा नं. ६

संस्थागत जमानीकर्ताको विवरण

१. नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्टर्डको कार्यालय काठमाण्डौमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम मिति २०७४/१०/१९ मा प्रा.लि.नं. १८२९८९/०७४/०७५ मा दर्ता भई आन्तरिक राजश्व कार्यालय नेपालगंजबाट मिति २०७४/११/०२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६०६७९१३४८ को प्रमाणपत्र प्राप्त जुम्ला जिल्ला, चन्दननाथ न.पा , वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **अमित निर्माण सेवा प्रा.लि.** ।

लिलाम हुने सम्पतिको विवरण

१. **सुशीला कठायत**को नाममा मालपोत कार्यालय काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, चपली भद्रकाली गा.वि.स/न.पा, वडा नं.३ स्थित कित्ता नं ६२, क्षेत्रफल ३४९.७० (व.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

२. **तारा सिंह कठायत**को नाममा मालपोत कार्यालय काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, चपली गा.वि.स/न.पा, वडा नं.४ स्थित कित्ता नं. १८२, क्षेत्रफल १-१-१-० (रोपनी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

३. **आशा वस्नेत**को नाममा मालपोत कार्यालय दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, तुल्सीपुर गा.वि.स/न.पा, वडा नं. ६ स्थित कित्ता नं. १५७५ र १५७७, क्षेत्रफल क्रमश ०-०-४^१/४ र ०-०-३^१/२ (बिगाह) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

४. धनी कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **अमित निर्माण सेवा प्रा.लि.** कायम रहेको तपसिलको सवारी साधनहरु:

सवारी नं.	चे.नं.	ई.नं.	मोडल	यातायात कार्यालय
भे १ त ८७२९	D10S653W TIE02078	3F44153L17	Tractor (Model: 2017 DEUTZ)	भेरी अञ्चल यातायात व्यवस्था कार्यालय
क १ क ५	0E1110218J3L 70002CNS	DC006002859	Hydraulic Excavator (SANY) Model:2018	कर्णाली अञ्चल यातायात व्यवस्था कार्यालय
प्र.३-०१-००३, क ५१०५	THEDA0L0 C00000850	A01843	Excavator (TATA Hitachi) Model : 2019	बागमती प्रदेश यातायात व्यवस्था कार्यालय एकान्तकुना

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८१ जेठ १७ गते** भित्र बैंकको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८१ जेठ १८ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८१ जेठ १८ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौ फोन नं. ०१-४७९५२१३

निर्यात प्रोत्साहन...

पृष्ठ १ बाट क्रमश:

कतिपय उद्योगीले त तेस्रो देशमा निर्यातका लागि उद्योग स्थापना गरेबापत भन्सार शुल्क, मूल्य अभिवृद्धि कर र आयकरमा समेत छुट लिएर दोहोरो सुविधा उपभोग गरिरहेका छन् ।

उद्योग विभागका अनुसार अनुदानयोग्य उद्योगले ०६८/६९ मा ७४ अर्ब नौ करोड रुपैयाँको वस्तु निर्यात गरेकामा पहिलो वर्ष ०६९/७० मा तीन करोड ३७ लाख नगद अनुदान पाएका थिए । त्यस्तै, ०६९/७० मा कुल ७६ अर्ब ९१ करोड रुपैयाँको वस्तु तथा सेवा निर्यात हुँदा उद्योगीले ०७०/७१ मा ४२ करोड ४५ लाख रुपैयाँ नगद अनुदान लिएका थिए । 'कुनै एउटा आर्थिक वर्षमा भएको कुल निर्यातको विवरण प्रविष्ट भए पनि अर्को वर्ष मात्रै नगद दिने गरिएको छ,' उद्योग विभागका निर्देशक अर्जुनसेन ओलीले भने ।

आव ०७०/७१ मा कुल ८९ अर्ब ६२ करोड रुपैयाँको निर्यात हुँदा पछिल्लो वर्ष राष्ट्र बैंकले विभिन्न उद्योगीको खातामा प्रोत्साहनको २५ करोड २६ लाख रुपैयाँ नगद खातामा पठाएको थियो । ०७०/७१ पछिका चार वर्ष निरन्तर निर्यात व्यापार खस्कियो । ०७१/७२ मा अघिल्लो वर्षको तुलनामा निर्यात परिमाण घटेर ८५ अर्ब १९ करोड रुपैयाँमा सीमित हुँदा उद्योगीले १९ करोड ९१ लाख रुपैयाँ लगे । त्यस्तै, ०७२/७३ मा ७० अर्ब २५ करोड रुपैयाँको निर्यात हुँदा प्रोत्साहनबापत राष्ट्र बैंकले उद्योगीको खातामा २८ करोड २४ लाख रुपैयाँ पठायो ।

०७३/७४ मा ७३ अर्ब तीन करोड रुपैयाँबराबरको निर्यात हुँदा उद्योगीलाई २२ करोड ५६ लाख र ०७४/७५ मा ८१ अर्ब ३५ करोडको निर्यात हुँदा उद्योगीको खातामा ३५ करोड ५४ लाख प्रोत्साहन रकम पठाइएको थियो । आव ०७५/७६ मा निर्यात व्यापारमा केही सुधार भई ९७ अर्ब १० करोड रुपैयाँको वस्तु तथा सेवा निकासी भयो, त्यसबापत विभिन्न उद्योगीलाई ८५ करोड ८३ लाख अनुदान वितरण गरिएको थियो ।

त्यस्तै, ९७ अर्ब ७० करोड रुपैयाँको निर्यात भएको आव ०७६/७७ को अनुदानबापत उद्योगीहरूले ०७७/७८ मा एक अर्ब २८ करोड ८६ लाख पाए । उक्त आवमा अघिल्लो चार वर्षको शोधभर्नासमेत बाँकी रहेका र सो आवमा भुक्तानी गरेको हुँदा ठूलो रकम खर्च भएको राष्ट्र बैंकले जनाएको छ ।

त्यस्तै, ०७७/७८ मा निर्यातमा सुधार भई एक खर्ब ४१ अर्ब पुग्यो । जसबापत ०७८/७९ मा निर्यातकर्ता उद्योगीलाई एक अर्ब ४२ करोड ८५ लाख भुक्तानी गरिएको थियो । ०७८/७९ मा दुई खर्बको निर्यात हुँदा गत आव ०७९/८० मा अनुदानबापत एक अर्ब निकासा भएको राष्ट्र बैंकले जनाएको छ । त्यस्तै, ०७९/८० मा एक खर्ब ७५ अर्ब रुपैयाँको निर्यात हुँदा उद्योगीलाई चालू आव ०८०/८१ को विनियोजित बजेटबाट ९० करोड रुपैयाँ भुक्तानी भइसकेको छ भने तीन अर्ब ५० करोड अपुग देखिएको उद्योग विभागले जनाएको छ ।

उद्योगीले आर्थिक वर्ष सकिएपछि असोज मसान्तसम्म उद्योग विभागमा निर्यात प्रमाणीकरण गर्ने गरेका छन् । सो प्रमाणीकरण भएको विवरण विभागले राष्ट्र बैंकमा पठाउने गरेको छ । राष्ट्र बैंकमा विवरण पुगेका उद्योगीले पुस मसान्तसम्म नगद प्रोत्साहन पाउन निवेदन दिनुपर्ने व्यवस्था छ । उद्योग विभागबाट नगद पाउन प्रमाणीकरण भएका उद्योगीले निवेदन दिएपछि राष्ट्र बैंकले सम्बन्धित उद्योगको बैंक खातामा रकम जम्मा गरिदिने गरेको छ ।

राष्ट्र बैंकले 'निर्यातमा नगद अनुदान शोधभर्ना' शीर्षकमा खाता खोलेको छ । उक्त खातामा उद्योग विभागको समेत सिफारिसका आधारमा अर्थ मन्त्रालयले पैसा पठाइदिन्छ । सोही खाताबाट उद्योगको खातामा नगद प्रोत्साहनबापतको रकम पठाइन्छ ।

उद्योगीलाई नगद अनुदान दिएर निर्यातमा खासै सुधार नभएको भन्दै महालेखापरीक्षकको कार्यालयले पछिल्ला प्रतिवेदनमा निरन्तर खबरदारी गरिरहेको छ । त्यस्तै, निर्यातबापत पाएको रकम अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन, प्रविधि तथा क्षमताको विकास र विद्युतीय व्यापारको क्षेत्रमा खर्च गर्नुपर्ने प्रावधान भए पनि तोकिएको क्षेत्रमा लगानी नभएको औँल्याएको छ ।

कुन उत्पादनले कति अनुदान पाउँछन् ?

● **पाँच प्रतिशत अनुदान पाउने वस्तु** : शतप्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित औद्योगिक उत्पादनहरू चिया, कफी, हस्तकला, छाला र छालाजन्य उत्पादन, हाते कागज, यर्सागुम्बासहितका प्रशोधित वा अप्रशोधित जडीबुटी, सारयुक्त तेल, पत्थर, अल्लोबाट उत्पादित सामान, पानी, प्रशोधित बेसार, ताजा तरकारी, फूल, मह, अलैँची, अदुवा, सुठो, स्लाइडिङ, दुधजन्य पदार्थ, फलफूल र अम्रिसो । यी वस्तुको उत्पादनमा ५० प्रतिशत मूल्य अभिवृद्धि भएको अवस्थामा निर्यात भएको कुल परिमाणको पाँच प्रतिशत प्रोत्साहन अनुदान दिने व्यवस्था छ । तर, ८० प्रतिशतभन्दा बढी मूल्य अभिवृद्धि गरे थप एक प्रतिशत नगद अनुदान थपिनेछ । अघिल्लो वर्षको भन्दा २० प्रतिशत बढी निर्यात गरेमा बढी निर्यात गरेको मूल्यको एक प्रतिशतबराबर हुन आउने रकम नगद अनुदान दिने व्यवस्था छ ।

● **चार प्रतिशत अनुदान पाउने व्यवस्था** : नेपाली कपडा, तयारी पोसाक, गलैँचा र ऊनका सामान, पस्मिना/क्यासमेयर, जुट तथा जुटबाट बनेका सामान, सुन-चाँदीका गरगहना, स्वदेशी अर्धप्रशोधित छाला, औषधि, फेल्ट, पोलिस्टर यार्न, तामाका सामान, जुत्ता/चप्पल, क्लिंकर, सिमेन्ट, स्टिल, कत्था, रोजिन तथा तार्पेन र प्लाइउड । यी वस्तुमा ३० प्रतिशत मूल्य अभिवृद्धि भएको अवस्थामा निर्यात भएको कुल परिमाणको चार प्रतिशत प्रोत्साहन अनुदान दिने व्यवस्था छ । तर, ७० प्रतिशतभन्दा बढी मूल्य अभिवृद्धि गरेमा थप एक प्रतिशत नगद अनुदान बढाइने । अघिल्लो वर्षको भन्दा २० प्रतिशत बढी निर्यात गरेमा बढी निर्यात गरेको मूल्यको एक प्रतिशतबराबर हुन आउने रकम नगद अनुदान दिइने ।

गत वर्ष ५० करोडभन्दा बढीको निर्यात गर्नेले अनुदान पाउन बाँकी

अनुदानको आसमा क्लिंकर, सिमेन्ट र डन्डी निर्यात गर्ने एउटै उद्योगीले ५० करोड रुपैयाँभन्दा बढीको वस्तु निर्यात गरेका छन् । उनीहरूले आठ प्रतिशतका दरले प्रोत्साहन अनुदान पाउनुपर्ने दाबीसहितको विवरण उद्योग विभाग र राष्ट्र बैंकबाट प्रमाणीकरण गराइसकेका छन् । जसकारण यस वर्ष निकासी अनुदानबापत चार अर्ब ४० करोड रुपैयाँ खर्च हुने हिसाब निस्किएको छ ।

तर, कार्यविधिमा ५० करोड रुपैयाँभन्दा बढीको निर्यात गर्नेलाई आठ प्रतिशतसम्म अनुदान दिने भनी गरिएको व्यवस्था अस्पष्ट भएकाले अध्ययन भइरहेको उद्योग विभागका निर्देशक ओलीले बताए । 'आठ प्रतिशतसम्म भनेको ठ्याक्कै कति हो भन्ने कुरा खुल्न सकेन । त्यसैले एउटा समितिबाट अध्ययन भइरहेको छ,' उनले भने ।

उद्योग मन्त्रालयले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाको संयोजकत्वमा एक महिनाअघि अध्ययन टोली बनाएको छ । संयोजक राणाले भने कार्यविधिमा केही सुधार गर्नुपर्ने भए राय दिने गरी समिति बनेको बताए । 'कुनै विशेष व्यवस्थाबारे निर्णय हुने गरी प्रतिवेदन दिने होइन । कहीँकतै कमजोरी छ भने हेरेर सुझाव दिने भन्ने छ,' उनले भने ।

कंक्रिट टायल निर्यातमा पनि नगद प्रोत्साहन माग

नेपालमा उत्पादित कंक्रिटका टायल निर्यातमा पनि सरकारले नगद प्रोत्साहन उपलब्ध गराउनुपर्ने उद्योगीको माग छ । कंक्रिट टायल निर्यातलाई प्रोत्साहन गर्न सरकारसँग निरन्तर अनुरोध गरिरहे पनि कुनै सुनुवाइ नभएको एसियन कंक्रिटोका उपाध्यक्ष (सेल्स एन्ड मार्केटिङ) श्यामल झाले बताए । कंक्रिट टायल सडक फुटपाथ, भित्री सहरका सडक, सार्वजनिक ठाउँहरूमा प्रयोग गरिन्छ ।

नेपालबाट सिमेन्ट, धागो, जुत्तालगायत वस्तुहरूजस्तै कंक्रिट टायल पनि भारत निर्यात हुँदै आएको छ । तर, सरकारले कंक्रिट टायल निर्यातमा नगद प्रोत्साहन उपलब्ध नगराएको उद्योगीको गुनासो छ । 'कंक्रिट टायलमा ९९ प्रतिशत कच्चापदार्थ स्वदेशकै प्रयोग हुन्छ, डेढ सयदेखि दुई सय प्रतिशतसम्म भ्यालु एड हुने गर्छ,' झाले भने, 'सरकारले ढुंगा, बालुवा र गिटी निर्यातको कुरा बजेटमै समेटिरहेको छ, तर तिनै वस्तुहरू प्रयोग गरेर बनाइएका टायल निर्यातलाई प्रोत्साहन गर्न हिचकिचाइरहेको छ ।'

कच्चा पदार्थ आयात गरेर उत्पादन गरी निर्यात गर्ने वस्तुमा नगद अनुदान दिने, तर स्वदेशी कच्चा पदार्थमा आधारित वस्तु निर्यातलाई प्राथमिकतामा नराखेको उद्योगीहरूको गुनासो छ । नगद प्रोत्साहनको माग गर्दै आफूहरूले तत्कालीन उद्योगमन्त्री दिलेन्द्रप्रसाद बडूदेखि अहिलेसम्मका मन्त्रीलाई गुहारिरहेको झाको भनाइ छ । तीन वर्षअघि एसियन कंक्रिटो उद्योग खुलेयता सात-आठ उद्योग खुलिसकेको बताइएको छ । उनले भने, 'यदि निर्यातमा अनुदान पाए थप उद्योग खुल्लान्, भारतको युपी र बिहारमा निर्यातका लागि प्रतिस्पर्धात्मक क्षमता बढाउन पनि प्रोत्साहन आवश्यक छ ।'

अनुदान दिएर ठूला बजारमा पहुँच बढेन

● **पारस खरेल**, वाणिज्यविज्ञ

निर्यातमा नगद अनुदान दिएर मात्रै प्रवर्द्धन हुने होइन । निर्यात अनुदान मात्रै दिने, तर प्रतिस्पर्धात्मक क्षमता बढ्न नसक्दा प्रभाव कम देखिएको छ । हामीले भारत, चीन, युरोपको बजारमा पाइरहेको पहुँचको पूर्ण प्रयोग गर्न नसक्दा पनि निर्यात बढ्न सकेको छैन । सन् २०१७ मा विश्व बैंकले ०११ देखि ०१४ सम्मको निर्यातमा आधारित भएर अध्ययन गरेको थियो । निर्यात अनुदान दिए पनि यसले निर्यातमा खासै फाइदा पुर्‍याउन नसकेको अध्ययनले देखाएको छ । निर्यात अनुदानको सुरुका वर्ष भएर हो कि भन्ने अनुमान पनि गरिएको थियो । त्यस्तै, त्यतिवेला भारतमा हुने निर्यातलाई अनुदान दिइएको थिएन । त्यसले पनि प्रभाव पारेको हो कि भन्ने प्रतिवेदनमा उल्लेख थियो । निर्यात अनुदानको ठूलो हिस्सा सीमित उत्पादनले वा केही ठूला निर्यातकर्ताले मात्रै लिएको हो कि भन्ने आशंका छ । निर्यात अनुदान नदिँदा र दिएपछि कस्तो प्रभाव पर्‍यो भनेर अध्ययन गर्नुपर्छ । निर्यात अनुदान प्रक्रिया सजिलो नभएको गुनासो पनि आउने गरेका छन् । जसले कागज प्रक्रिया राम्रोसँग पूरा गर्न सकेका छन् उसले मात्रै अनुदान लिइरहेको गुनासो पनि सुनिन्छ । सरकारले अनुदानको प्रभावकारिताको मूल्यांकन गर्नुपर्छ । कुन वस्तु कतिले पाए भन्ने तथ्यांक चाहिन्छ ।

निर्यातमा प्रोत्साहन गर्ने बजेट अपुग भयो

● **राजेश अग्रवाल**, अध्यक्ष, नेपाल उद्योग परिसंघ (सिएनआई)

सरकारले निर्यातयोग्य वस्तु उत्पादनलाई चाहिने कच्चा पदार्थमा कर लगाएको हुन्छ । यसलाई पूर्ति गर्न निर्यात अनुदान दिने प्रचलन आएको हो । निर्यात अनुदानसम्बन्धी कार्यविधिले वर्ष सकिएपछि अनुदान दाबी गर्न पाउने व्यवस्था गरेको छ । यसलाई तीन-तीन महिनामा गरे हुने व्यवस्था हुनुपर्‍यो । निर्यातकर्तालाई दिइने बजेट पनि पर्याप्त छैन । त्यस्तै, वस्तुपिच्छे अनुदानमा विभेद गरिएको छ, यो हट्नुपर्छ ।

सहमति...

पृष्ठ १ बाट क्रमश:

कार्यक्रम छलफल गर्ने, प्रधानमन्त्रीले जवाफ दिने र पारित गर्ने कार्यसूची छ ।

संसद् सचिवालयका अनुसार नीति तथा कार्यक्रममा दुईवटा संशोधन परेको छ । प्रतिनिधिसभामा नेमकिपाका प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीले दफावार संशोधन राखेका छन् । राष्ट्रिय सभामा जनमोर्चाकै तुलबहादुर विश्वकर्माले संशोधन राखेका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले १ जेठमा दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गरेको नीति तथा कार्यक्रम कांग्रेसको अवरोधले सदनमा पेस हुन सकेको थिएन । अवरोधबीच ८ जेठमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दुवै सभामा पेस गरेका थिए ।

सहकारीमा संसदीय समितिका लागि कांग्रेससँग वार्ता गर्दै गर्ने र सदनको कारबाही पनि नरोक्ने सत्तापक्षको रणनीति छ । 'जेठ १५ मा बजेट ल्याउनुपर्ने बाध्यता भएकाले शुक्रबार जुनसुकै हालतमा नीति तथा कार्यक्रम पारित हुन्छ,' एक मन्त्रीले भने, 'यद्यपि, कार्यदलमार्फत कांग्रेसलाई सहमतिमा ल्याउने प्रयत्न जारी छ । कांग्रेस सहमतिमा नआए पनि रित पुर्‍याएर नीति तथा कार्यक्रम निष्कर्षमा पुग्छ ।'

नीति तथा कार्यक्रम पारित भएपछि बजेटका सन्दर्भमा रणनीति तय गरिने उनको भनाइ छ । 'हाम्रो विश्वास कांग्रेस यसबीचमा सहमतिमा आउँछ भन्ने हो । यो हुन सकेन भने सकभर सदनकै प्रक्रियाबाट बजेट आउँछ । त्यो पनि भएन भने अधिवेशन अन्त्य गरेर अध्यादेशको विकल्पमा हुन्छ,' ती मन्त्रीले भने ।

कांग्रेसले भने निःसर्त संसदीय छानबिन समिति नबनेसम्म संसद्मा आफ्नो अवरोध कायम रहने स्पष्ट पारेको छ । 'सरकारले जबर्जस्ती नीति तथा कार्यक्रम पास गरे त्यसको मूल्य चुकाउनुपर्नेछ,' कांग्रेसबाट कार्यव्यवस्था तथा परामर्श समिति सदस्य रहेका रामहरि खतिवडाले भने, 'सरकार संवादमा आओस् । सहकारी ठगीमा निःसर्त छानबिन समिति गठन गरोस् । सदन सहज वातावरणमा चल्ने वातावरण बनाओस् ।'

सर्वोच्च...

पृष्ठ १ बाट क्रमश:

सदस्यहरू ओमप्रकाश मिश्र र केदारप्रसाद चालिसेले पछिल्लोपटक फैसला गरेका थिए । तत्कालीन समयमा जोशीले झन्डै चार करोड रुपैयाँ गैरकानुनी तवरबाट आर्जन गरेको भन्दै सजाय माग गरिएको थियो । उनको तीन करोड ९३ लाख रुपैयाँभन्दा बढी सम्पत्तिको स्रोत नखुलेको दाबी गरिएकोमा दुई करोड १६ लाख रुपैयाँभन्दा बढी सम्पत्तिको स्रोत वैध नरहेको ठहर विशेषले गरेको थियो । ०४८ देखि ०५९ सम्मको आय गणना गर्दा विशेष अदालत उक्त निष्कर्षमा पुगेको हो । जोशीलाई एक वर्ष ६ महिना कैद र बिगोबमोजिम जरिवाना तथा उति नै रकमबराबर सम्पत्ति असुलउपर हुने फैसला भएको थियो ।

यसै मुद्दाका प्रतिवादी वासुदेव पन्त गैरकानुनी आर्जनका मामिलामा सम्पूर्ण बैंकिङ कारोबार हेर्ने, विभिन्न व्यक्तिका नाममा सम्पत्ति राख्ने व्यवस्था मिलाउनेजस्ता कार्यमा संलग्न रहेको पाइएको थियो । पन्त नेपाल बैंक लिमिटेडमा वरिष्ठ बहीरक्षक पदमा कार्यरत थिए । उनले आमा निरकुमारी पन्तका नाममा खाता खोली जोशीको अवैध आर्जन लुकाएको भन्दै विशेषले उनलाई यस कसुरमा मतियार ठहर गरेको थियो । उनलाई प्रतिवादीको अपराधमा प्रत्यक्ष र सक्रिय संलग्नता रहेको ठहर गर्दै ६५ लाख ५६ हजार रुपैयाँ जरिवाना तथा ६ महिना कैद सजाय हुने फैसला गरेको थियो ।

ताराराज पाण्डेको नाममा रहेको घरजग्गा भने जोशीको आयबाट खरिद गरिएको देखिएकाले जफतको फैसला विशेषले गरेको थियो । यस मुद्दाका प्रतिवादीहरू निरकुमारी पन्त र रामकृष्ण तिवारीले भने सफाइ पाएका थिए । यसैगरी, दिनेशराज जोशीको नाममा रहेको सम्पत्ति जफत हुने फैसला भएको थियो ।

सोही फैसलाविरुद्ध चित्त नबुझेका पक्षहरू सर्वोच्च पुगेका थिए । जोशीले प्रतिनिधिसभा विघटन भएकाले आफू कुनै सार्वजनिक पदमा बहाल नरहेको दाबी गर्दै पुनरावेदन दर्ता गराएका थिए । तत्कालीन अख्तियार दुरुपयोग अनुसन्धान ऐनले एक वर्षको हदम्याद दिए पनि आफू सांसद पदबाट मुक्त भएको एक वर्ष ९ महिनापछि बल्ल मुद्दा दर्ता भएका कारण मुद्दा खारेज हुनुपर्ने उनको माग छ ।

नागरिकताबारे...

पृष्ठ १ बाट क्रमश:

गरेका छन् । 'गत वर्ष गृह मन्त्रालय, सिंहदरबार काठमाडौंबाट धनुषा जिल्ला प्रशासन कार्यालयमा अभिलेख झिकाई प्रमाणित गरेर २०७९ फागुन १५ मा मलाई राष्ट्रिय परिचयपत्र दिइएको हो । जसमा मेरो नागरिकता नम्बर स्पष्ट उल्लेख छ,' उनले भनेका छन्, 'गत वर्षसम्म अभिलेखको व्यहोरा दिने गृह मन्त्रालयको संयन्त्रले अहिले ढड्डामा अभिलेख नभेटिएजस्तो प्रचार किन गरेको छ ? यो प्रश्नमा विचार गर्ने जिम्मा म विवेकशील नेपाली नागरिकमा छोड्न चाहन्छु । राज्यका अभिलेखमा पहुँच भएका कसैको लापरबाही वा दुर्नियतले सरकारी अभिलेख तलमाथि हुन्छन् भने त्यसको सम्पूर्ण दायित्व सम्बन्धित निकायले लिनुपर्छ ।'

दुई व्यक्तिको नागरिकता नम्बर एउटै रहेको विषयमा

आफ्नो नागरिकता नम्बर अर्को व्यक्तिको नागरिकता नम्बरसँग मिलेको विषयमा आफू जवाफदेही नहुने सिरोहियाले उल्लेख गरेका छन् । सेवाग्राहीलाई दिइएको प्रमाणपत्रको अभिलेख राख्ने सम्पूर्ण दायित्व राज्यको हुने उनले बताएका छन् । 'यसको सम्पूर्ण नियन्त्रण, जिम्मेवारी र जवाफदेहिता जिल्ला प्रशासन कार्यालय धनुषासँग रहन्छ । अझ, दुईजना व्यक्तिको नागरिकतामा एउटै नम्बर परेको भनिएकामा अर्को व्यक्तिसँग यस विषयमा सामान्य जानकारीसमेत नलिई कैलाश सिरोहियालाई भने पक्राउ गरी रातारात चलान कसको आत्मरतिका लागि गरिएको हो ? कानुनी राज भएको मुलुकमा नागरिकको प्रतिष्ठामाथि कसैको आत्मरति हाबी हुन सक्छ कि सक्दैन ? यो पनि सबैको सरोकारको विषय हो,' उनले भनेका छन् ।

बुबा, दाजु र आफ्नो नागरिकताबारे

बुबाले नागरिकता प्राप्त गरेपछि जन्मिएकाले आफू वंशजको नागरिक भएको उनले बताएका छन् । 'पिताजीले नागरिकता प्राप्त गर्नुअघि र पछि जन्मिएका सन्तानको नागरिकताको प्रकार पनि कानुनअनुसार फरक भएको होला । तर, यसको सम्पूर्णताको व्याख्या गर्ने जिम्मेवारी मेरो होइन । तत्कालीन समयमा प्रचलित कानुन र अधिकारप्राप्त अधिकारीहरूले कानुनको अधीनमा रही नागरिकता दिएको विषयमा मैले जवाफ दिनुपर्ने होइन । म आफ्नो नागरिकताप्रति जवाफदेही, जिम्मेवार र इमानदार छु,' उनले भनेका छन् ।

कहिले १८ वर्ष पुगेको भन्ने प्रश्न

०३३/३४ मा आएको सरकारी घुम्ती टोलीबाट नागरिकता प्राप्त नगरे पनि आफ्नोसमेत अभिलेख संकलन भएको सिरोहियाले उल्लेख गरेका छन् । 'त्यही आधार मेरो नागरिकतामा प्रकट भएको छ । मलाई नागरिकता दिने आधार ०३३/३४ को अभिलेखअनुसार भनेर नागरिकतामा नै स्पष्ट लेखिएको छ । त्यसैले मैले नागरिकता लिएको ०३६ भदौ २५ मा हो । यसबीचमा म बालिग नागरिक भएको विषयमा प्रश्नै छैन,' उनले भनेका छन्, 'उमेर कति लेखियो भन्ने अधिकारप्राप्त अधिकारीले जान्ने विषय हो, यो मेरो इच्छा र रोजाइको विषय होइन । राज्यले सबै प्रमाण भिडाएर उमेर तय गरी नागरिकताको प्रमाणपत्र दिने हो । प्रमाण नपुगेसम्म कुनै पनि नागरिकले कुनै पनि प्रमाणपत्र पाउँदैन । राज्य आफैँले प्रमाणित गरेर दिएको प्रमाणपत्रको विषयमा सेवाग्राहीलाई धरपकड गर्नु न्यायपूर्ण होइन ।'

नागरिकतामा दुईथरी अक्षर र केरमेट गरिएको विषयमा

आफ्नो नागरिकताको फोटोकपी पाएका व्यक्तिहरूले जन्ममितिको दायाँ-बायाँ गरिएको छोटो हस्ताक्षरलाई केरमेट गरिएको भनी दाबी गरेको भन्दै सिरोहियाको प्रस्टीकरण छ, '०३६ सालमा नागरिकता बनाउँदा त्यतिवेलाको चलनअनुसार उमेर १८ वर्ष मात्र उल्लेख भएको थियो । तर, ०५७ मा प्रतिलिपि लिँदा पनि फाँटवाला कर्मचारीले उमेर १८ वर्ष मात्र लेखेको देखिन्छ । तर, प्रमाणित गर्ने अधिकारीले १८ वर्षपछि कोस्ट थपेर (२०१९।८।२९) लेखेर थप स्पष्ट पारेको देखिन्छ । कोस्टभित्रका अक्षरलाई दुवैतर्फबाट रातो हस्ताक्षरद्वारा बन्द गरिएको छ । यो नागरिकताको प्रमाणपत्र मसँग सुरक्षित छ,' उनले भनेका छन्, 'फोटोकपी र मूलकपी भिडाउन चाहेको भए मलाई पक्राउ गरिरहन जरुरी थिएन ।'

पक्राउ गरेर रातारात चलान गरिएको विषय

राज्यले गर्ने हरेक अनुसन्धानमा आफू सहयोग गर्न हरदम तयार रहेको सिरोहियाले बताएका छन् । 'तिम्रो नागरिकतामा यस्तो कैफियत देखियो भनेर बोलाएको भए कुनै पनि दिन हाजिर भएर आफ्ना विषय स्पष्ट पार्न हामी तयार थियौँ, त्यो हाम्रो कर्तव्य पनि हो । तर, एकपटक पनि पत्र नकाटी सीधै म अध्यक्ष रहेको सञ्चारमाध्यमको कार्यालयमा हतियारधारी प्रहरी परिचालन गरेर पक्राउ गरिएको छ । मानौँ, त्यो दिन पक्राउ नगरे देशलाई अपूरणीय क्षति हुनेछ । यो राज्यसत्ताको चरम दुरुपयोग हो ।'

विवाद नागरिकताको होइन, सहकारीको हो

आफूलाई पक्राउ गरिनुमा नागरिकताको विवाद नभएर उपप्रधानमन्त्री तथा गृहमन्त्रीबारे लेखिएका समाचारहरूको प्रतिशोध भएको सिरोहियाले उल्लेख गरेका छन् । 'यो कैलाश सिरोहियाको नागरिकताको विवाद हुँदै होइन । बरु, गृहमन्त्री रवि लामिछाने, दोहोरो नागरिकता, दुई देशका पासपोर्ट र सर्वसाधारणले गाँस कटाएर सहकारीमा बचत गरेको रकम हिनामिना गरिएको विषयसँग सम्बन्धित छ,' उनले भनेका छन् । नागरिकतासम्बन्धी विषय सर्वोच्च अदालतको संवैधानिक इजलासको फैसलाबाटै प्रमाणित भइसकेको उनले उल्लेख गरेका छन् । 'इजलासले उनको नागरिकतालाई अवैध ठहर गर्दै सम्पूर्ण सार्वजनिक पदबाट उनलाई मुक्त गरेको हो । देशको संविधान र कानुन कान्तिपुर वा कुनै सञ्चारमाध्यमले लेखेका होइनन् । तर, त्यसमा लेखिएका विषय स्मरण गराउने महत्त्वपूर्ण दायित्व सञ्चारमाध्यमको हुन्छ । यही कर्तव्य पूरा गरेकै कारण लामिछानेले पत्रकार सम्मेलन गरेर नेपाली सञ्चारमाध्यममाथि अनर्गल लाञ्छना लगाएका थिए ।' त्यस्तै, सर्वसाधारणले सहकारीमा बचत गरेको रकम हिनामिनामा पनि गृहमन्त्री लामिछाने संलग्न रहेको सिरोहियाले उल्लेख गरेका छन् ।

लामिछानेको दोहोरो राहदानीको अनुसन्धानको प्रश्न

दुई देशको राहदानी बोकेका गृहमन्त्री लामिछानेले उल्टै नागरिकलाई तर्साउने प्रयास गरिरहेको सिरोहियाले उल्लेख गरेका छन् । 'हाम्रो प्रश्न यति मात्र हो, दोहोरो नागरिकता र दुई देशको पासपोर्ट बोकेर हिँडेको व्यक्ति गृहमन्त्री हुने र उनकै प्रतिशोध साँध्न यो देशको सार्वभौम नागरिकलाई रातारात पक्राउ गर्ने ? जब सरकारले उन्मादमा वा प्रतिशोधमा आफ्नो कर्तव्य बिर्सन्छ, त्यो वेला नागरिक र आमसञ्चारमाध्यमले आफ्नो आवाज मुखरित गर्छन् । अहिले नेपाली प्रेस र समस्त नागरिक समाजले त्यही कर्तव्य पूरा गरिरहेका छन्,' उनले भनेका छन् ।

पुनः देखिन थाल्यो डेंगु संक्रमण
छैन नियन्त्रणको तयारी

काठमाडौंमा पानी पर्न थालेलगत्तै डेंगुका बिरामी अस्पताल आउन थालेको चिकित्सकहरूको भनाइ



● **डा. शेरबहादुर पुन**
वरिष्ठ सरुवारोग विशेषज्ञ

लामखुट्टे बढ्ने समय अहिले हो। यतिवेला नियन्त्रण गर्न नसकेमा संक्रमण बिस्तारै फैलिँदै जान्छ। समुदायमा संक्रमण फैलिएर अस्पतालका बेड भरिन थालेपछि मात्र सक्रियता बढाउने प्रवृत्तिले गर्दा हरेक वर्ष उही नियति दोहोरिइरहेको छ।



● **डा. गोकर्ण दाहाल**, प्रमुख
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
कीटजन्य रोग नियन्त्रण शाखा

केस देखिएका स्थानमा कीटनाशक औषधि छर्कने र आवश्यक नियन्त्रणका उपाय अपनाउन स्थानीय तहलाई बर्सेनि भन्दै आएका छौं। यस वर्षको सुरुवातदेखि नै संक्रमण नियन्त्रणका लागि एक्सन प्लानअनुसार काम गर्ने तयारीमा छौं।



कुन वर्ष कति संक्रमण

वर्ष	कुल संक्रमण	मृत्यु
२००४	१	
२००५	०	
२००६	३२	
२००७	२७	
२००८	१०	
२००९	३०	
२०१०	९१७	
२०११	७९	
२०१२	१८३	
२०१३	६८६	
२०१४	३५६	
२०१५	१३५	
२०१६	१५२७	
२०१७	२१११	
२०१८	८११	
२०१९	१७९९२	
२०२०	५३०	
२०२१	५४०	
२०२२	५४७८४	८८
२०२३	५१२४३	२०

के हो डेंगु संक्रमण ?

डेंगु संक्रमण एडिस एजिप्टाई वा एडिस एल्बोपिक्टस लामखुट्टेबाट सर्ने फ्लेभिभाइरस कारण हुने ज्वरो हो। नेपालमा फ्लेभिभाइरसका चारवटै प्रकार देखिने गरेका छन्। जसले संक्रमितमा हेमोरोजिक ज्वरो र डेंगु सक सिन्ड्रोमका समस्या ल्याउँछ। डेंगु संक्रमण सामान्य उपचारबाट निको हुने भए पनि पटकपटक संक्रमण हुँदा वा अन्य रोगका कारण स्वास्थ्य अवस्था कमजोर भएका व्यक्तिमा जोखिमपूर्ण हुने चिकित्सकहरू बताउँछन्। चिकित्सकका अनुसार सेकेन्डरी वा हेटेरोटाइपिक इन्फेक्सन अर्थात् दोस्रोपटक संक्रमित भएका व्यक्तिमा गम्भीर डेंगुको विकासको सम्भावना बढी हुन्छ। पछिल्लो समय काठमाडौं उपत्यकालगायत देशभरि नै डेंगु संक्रमण फैलिइरहेकाले समयमै सचेत रहन लामखुट्टे नियन्त्रण अभियानमा लाग्नुपर्ने डा. दाहाल बताउँछन्। उनका अनुसार लामखुट्टे धेरै भएको ठाउँमै संक्रमण फैलिने भएकाले लामखुट्टे नष्ट गर्नुबाहेक विकल्प छैन। पानीलाई जम्न नदिने, पानी जमेका भाँडाकुँडा, बोतल, टायर, गमला, खाल्टाखुल्टीलाई पुर्ने गर्नुपर्छ। साथै, लामखुट्टे देखिने ठाउँमा कीटनाशक ओषधि छर्किनुपर्छ।

मञ्जु टेलर/नयाँ पत्रिका

प्रिमनसुन सुरु भएसँगै लामखुट्टे बढ्न थालेपछि देशका विभिन्न स्थानमा डेंगु संक्रमण पुनः देखिन थालेको छ। लामखुट्टेको टोकाइबाट सर्ने डेंगुले बर्सेनि महामारीको रूप लिने गरेको छ। वर्षा भएलगत्तै पानी जमेको ठाउँमा लामखुट्टे हुर्कन उपयुक्त समय भए पनि लार्भा वा लामखुट्टे नष्ट गर्ने विषय सरकारको प्राथमिकतामा पर्न सकेको छैन।

पछिल्ला केही वर्षयता हिउँदमा समेत डेंगु संक्रमण देखिइरहे पनि वैशाख अन्तिम र जेठ सुरुवातदेखि संक्रमण अत्यधिक फैलिने गरेको छ। काठमाडौंमा पानी पर्न थालेको केही समयमै डेंगुका बिरामी अस्पताल आउन थालेको चिकित्सकहरूले बताउन थालेका छन्। संक्रमणजन्य रोगको उपचार गरिरहेको शुक्रराज ट्रपिकल अस्पतालमा बिरामीको संख्या बढ्न थालेको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको कीटजन्य रोग नियन्त्रण शाखा प्रमुख डा. गोकर्ण दाहाल डेंगु संक्रमण नियन्त्रणको एक्सन प्लानअनुसार नै कार्यक्रम देशभर बर्सेनि चलिरहेको बताउँछन्। 'केस देखिएका स्थानमा कीटनाशक औषधि छर्कने र आवश्यक नियन्त्रणका उपाय अपनाउन स्थानीय तहलाई बर्सेनि भन्दै आएका छौं। यस वर्षको सुरुवातदेखि नै संक्रमण नियन्त्रणका लागि एक्सन प्लानअनुसार काम गर्ने तयारीमा छौं,' उनले भने।

सन् २००४ देखि नेपालमा नियमित देखिन थालेको डेंगु संक्रमण पछिल्लो केही वर्षयता उच्चदरमा बढेको छ। वर्षायाममा काठमाडौं, लुम्बिनीलगायत देशभर संक्रमित अस्पताल पुग्ने दर हजारौंको संख्यामा हुने गरेको हो। तर, लामखुट्टे फैलिने समयमा नियन्त्रणको उपाय नअपनाउँदा महामारीको जोखिम उत्तिकै भएको वरिष्ठ सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुनले बताए। 'लामखुट्टे बढ्ने समय अहिले हो। यतिवेला नियन्त्रण गर्न नसकेमा संक्रमण बिस्तारै फैलिँदै जान्छ। समुदायमा संक्रमण फैलिएर अस्पतालका बेड भरिन थालेपछि मात्र सक्रियता बढाउने प्रवृत्तिले गर्दा हरेक वर्ष उही नियति दोहोरिइरहेको छ,' उनले भने। चिकित्सकका अनुसार डेंगु संक्रमणबाट उच्च ज्वरो आउने, बेसरी टाउको दुख्ने, जोर्नी र मांसपेशी दुख्ने, शरीरमा राता बिमिरा आउने, आँखा दुख्ने वा बान्ता आउनेजस्ता लक्षण देखिन्छन्।

गृहमन्त्री लामिछानेविरुद्ध कांग्रेसले उठाएको मुद्दा ठूलो होइन : ओली

कांग्रेसजस्तो पार्टी रवि लामिछानेविरुद्ध खनिएको छ, के खनिनु ? भँगेरा मार्न जाने तोप बोकेर ?

झापामा **चिरञ्जीवी घिमिरे**

एमाले अध्यक्ष केपी ओलीले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेविरुद्ध कांग्रेसले उठाएको मुद्दा ठूलो नभएको बताएका छन्। कांग्रेस जस्तो पार्टी भर्खर राजनीतिमा लागेको लामछिानेविरुद्ध खनिन नहुने उनको भनाइ छ।



सुनसरीमा बिहीबार आयोजित पार्टी कार्यक्रममा उनले राजनीतिमा आएको एक-डेढ वर्ष मात्र भएको पार्टीसँग क्षणिक स्वार्थका लागि खनिन नहुने तर्क गरे। 'अहिले कांग्रेसले केही सवाल उठायो, उठाएको पनि कुनै ठूलो कुरो भएको भए हुन्थ्यो, रवि लामछिाने कि को भन्ने पात्रवरिद्ध कांग्रेस खनएिको छ। कांग्रेस जस्तो पार्टी रवि लामिछानेविरुद्ध खनिएको छ। के खनिनु ? भँगेरा मार्न जाने तोप बोकेर,' ओलीले भने, 'बल्लबल्ल राजनीतिमा आएको, एक वर्ष भयो। अहिले उपप्रधानमन्त्री हुनुहुन्छ, पदीय हिसाबले उहाँलाई म सम्मान गर्दछु।' उनले कांग्रेसले त्यही व्यक्तिलाई प्रधानमन्त्री अफर गर्ने र नमान्दा सहकारी ठग भनेको आरोप पनि लगाए। उनले संसदमा अप्रमाणित कुरा बोल्न हुने बताए।

ओलीले सरकारले कान्तिपुर अध्यक्ष कैलाश सिरोहियालाई पक्राउ गर्दा प्रेस स्वतन्त्रता हनन् नभएको दाबी गरे। 'कैलाश सिरोहिया कान्तिपुर भन्ने पत्रिकाका सञ्चालक। उहाँको नागरिकतामा नागरिकता दिने मान्छेको नाम छैन, दिनेको सही छैन भन्ने कुरा अखबारमै आए। तर त्यसको छानबिन सरकारले गऱ्यो,' उनले भने, 'प्रहरीले अदालतलाई उहाँलाई गिरफ्तार गरेरै छानबिन गर्नुपर्छ भन्यो, किनभने प्रमाण लुकाउने, नष्ट गर्ने सम्भावना देखियो। जोसुकैलाई थुन्न पाउँ भन्दा अदालतले थुन्न दिँदैन नि, छानबिन गर भन्छ।' उनले झुटो नागरिकताको मुद्दामा पक्राउ गर्दा वक्तव्यको होडबाजी भएको दाबी गरे।

ओलीले पार्टीभित्र आन्तरिक प्रतिस्पर्धा नगर्न कार्यकर्तालाई निर्देशन दिएका छन्। बिहीबार एमाले दमक नगरको दोस्रो नगर अधिवेशनलाई सम्बोधन गर्दै उनले आपसमा सहमति गरेर अघि बढ्न निर्देशन दिएका हुन्। 'आपसमा चुनाव नलड्नुस्, एकता गर्नुस्। लड्ने त विपक्षीसँग हो। त्यसका लागि आन्तरिक एकता चाहिन्छ। एकताबद्ध पार्टी हाम्रो मूल मन्त्र हो। एकता लागि अधिवेशन महत्वपूर्ण हुन्छ,' उनले भने, 'एउटा मात्र अध्यक्ष हुन्छ। हारेको पीडा सहनुभन्दा मिलेर जानू। समझदारीको नाममा पाँच/सात दिन पनि नलगाउनू। गर्ने भनेको काम फाट्टफुट्ट गर्नुस्। सहमति जुटेन भने प्रतिस्पर्धामा जानू। तर, अस्वस्थ प्रतिस्पर्धा नगर्नुस्।'

■ तीन दिनदेखि जिल्ला दौडाहातिर

एमाले अध्यक्ष ओली तीन दिनदेखि जिल्ला दौडाहामा छन्। गृहजिल्ला झापा हुँदै मोरङ र सुनसरीमा आधा दर्जनभन्दा बढी कार्यक्रममा सहभागी भएका छन्। ओलीको सचिवालयका अनुसार उनी बिहीबार झापा र मोरङको कार्यक्रममा सहभागी भए। गृहनगर दमकमा पार्टीको नगर कमिटीको दोस्रो अधिवेशन उद्घाटन गरेका ओली बिहान सुनसरीको इनरुवामा नगर अस्पताल उद्घाटनका साथै मोरङ पार्टीले आयोजना गरेको विविध कार्यक्रममा सहभागी भए।

गत ८ जेठमा गृहजिल्ला झापा गएका ओलीले बुधबार कमल गाउँपालिकाको पाडाजुँगीमा पूर्व-पश्चिम काँकडभिट्टा-लौकही सडकको शिलन्यास गरेका थिए। त्यस्तै, सोही दिन झापामा उनी 'केपी बासँग बालबालिका' कार्यक्रममा सहभागी भएका थिए। सबै कार्यक्रम सकिएपछि उनी राजधानी फर्किनेछन्। त्यसलगत्तै ओली पुनः दुई दिन उपत्यकाबाहिरकै कार्यक्रममा सहभागी हुने उनको सचिवालयले जनाएको छ।

संक्षेप

तालमा डुबेर महिलाको मृत्यु

सल्यान/ शारदा नगरपालिका- ८ मार्के आराकी ३२ वर्षीया कमला कवरको कुपिन्डे तालमा डुबेर मृत्यु भएको छ। कवर बिहीबार बिहानै बाबुआमासँग वनगाड कुपिण्डे नगरपालिका- ८ मा रहेको कुपिन्डे तालनजिकै रहेको बराह मन्दिरमा पूजा गर्न गएकी थिइन्। तालमा डुबेकी कवरलाई आफन्त र स्थानीयले उद्धार गरेका थिए। उद्धारपछि उपचारका लागि सल्यान जिल्ला अस्पताल लगिएकोमा डाक्टरले चेकजाँच गर्ने क्रममा मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी भवानीप्रसाद धमलाले बताए। घटनाको थप अनुसन्धान भइरहेको र महिलाको शव जिल्ला अस्पताल सल्यानमै पोस्टमार्टमका लागि राखिएको प्रहरीको भनाइ छ। तालनजिकै रहेको बराह मन्दिरमा पूजा गर्न गएकी कवर नुहाउने क्रममा देउता चढ्यो भन्दै गहिरो भागतिर गएपछि डुबेको स्थानीयको भनाइ छ।

नवलपुरमा फेरि भेटियो मृत पाटेबाघ

नवलपरासी/ चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्तीसँग नजिक रहेको नवलपुरका राष्ट्रिय तथा सामुदायिक वनमा पाटेबाघ मारिने क्रम बढेको छ। नवलपुरमा फागुनयता तीनवटा पाटेबाघ मृत फेला परेको छ। नवलपुरको विनयीत्रिवेणी गाउँपालिका-२ दुम्कीबासको विनयी खोलाबगरमा बुधबार स्थानीयले मृत पाटेबाघ देखेपछि शव डिजिभन वन कार्यालयलाई खबर गरेको थियो।

खोला किनारमा चार-पाँच दिनदेखि देखिएको बाघबारे कसैले चासो दिएनन्, तर पछिल्लो समय बाघको गतिविधि शंकास्पद लागेपछि स्थानीयले वनलाई खबर गरेका थिए। वनका कर्मचारी बाघ भएको स्थानमा पुगेको एक-दुई घण्टाको अन्तरालमा बाघ मरेको डिभिजन वन कार्यालय, दुम्कीबास नवलपुरका वन अधिकृत कुलचन्द्र दवाडीले बताए। अर्को बाघको आक्रमणबाट घाइते भएर बाहिर निस्केको उक्त बाघलाई वेलैमा उद्धार गरेर उपचार गरेको भए बचाउन सकिने सम्भावना रहेको स्थानीय बताउँछन्। यसअघि यस क्षेत्रमा एउटा भाले पाटेबाघ बँदेललाई थाप्न राखेको पासोमा परेर मरेपछि गाडेर राखेको अवस्थामा भेटिएको थियो। बुधबार फेला परेको करिब १० वर्षको पोथी पाटेबाघ सिकारीको आक्रमणबाट नभई भाले बाघ वा अन्य कुनै जंगली जनवारको आक्रमणबाट घाइते भई बिरामी परेर मरेको हुन सक्ने चितवन राष्ट्रिय निकुञ्जको पशु चिकित्सक डा. विजयकुमार श्रेष्ठले बताए।

कांग्रेसले गण्डकी प्रदेश सभा बैठक बहिष्कार गर्ने

कास्की/ कांग्रेसले गण्डकी प्रदेश सभाको शुक्रबार बोलाइएको बैठक बहिष्कार गर्ने भएको छ। मुख्यमन्त्री खगराज अधिकारीले २३ वैशाखमा लिएको विश्वासको मतविरुद्ध सर्वोच्चमा परेको रिटको सुनुवाइ नसकिएको र २८ वैशाखमा भएको दुई पक्षको बहसपछि सर्वोच्चले नियमित कार्य सञ्चालनबाहेक मुद्दाको टुंगो नलाग्दासम्म दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगनै/नगराउनू भन्दै आदेश जारी गरेको अवस्थामा बैठक बोलाएकाले बहिष्कार गर्ने कांग्रेसले जनाएको छ।

सभामुख कृष्ण धितालले प्रदेश सभा नियमावली, २०८० को नियम ६ बमोजिम बैठक आह्वान गरेको सूचना जारी गरेपछि कांग्रेसले बैठक बहिष्कार गर्ने भएको हो। कांग्रेसका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले बिहीबार विज्ञप्ति जारी गर्दै मुख्यमन्त्रीद्वारा विश्वासको मत लिने क्रममा सभामुखले असंवैधानिक तवरबाट बहुमत प्राप्त गरेको भनी घोषणा गरेको प्रक्रियाविरुद्ध अदालतबाट अन्तिम फैसला आउन बाँकी रहेकाले मुद्दाको अन्तिम किनारा नलाग्दासम्म प्रदेश सभा बैठक र सरकारले गर्ने कुनै पनि कार्यमा कांग्रेसको सहभागिता नरहने जनाएका छन्।

लुम्बिनी अवलोकन गर्नैपर्ने तीर्थस्थलका रूपमा विकसित हुँदै गएको छ : प्रधानमन्त्री

लुम्बिनीमा **दिपेश पछाई**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बुद्ध जन्मस्थल लुम्बिनीलाई धार्मिक पर्यटकको गन्तव्यका रूपमा विकास गर्न सरकार क्रियाशील रहेको बताएका छन्। २५६८औं बुद्धजयन्ती एवं लुम्बिनी दिवस मुल समारोहलाई बिहीबार सम्बोधन गर्दै उनले वर्तमान सरकार बुद्धको विचार, मार्गदर्शन एवं बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकसित गर्न क्रियाशील रहेको बताए।

लुम्बिनी संसारभरिका करोडौं बौद्ध समुदाय एवं आममानिसले समेत जीवनमा एकपटक दर्शन र अवलोकन गर्नैपर्ने पवित्र तीर्थस्थलका रूपमा विकसित हुँदै गएको बताउँदै उनले सरकार धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकसित गर्न क्रियाशील रहेको बताए। 'बुद्धको जन्मभूमि लुम्बिनी भ्रमण गर्न पाउनु विश्वका प्रत्येक नागरिकका लागि गौरवको विषय हुन्छ। लुम्बिनीलाई विश्वभरिका बुद्धिस्टहरूको 'बर्थिङ सेन्टर'का रूपमा विकास गर्ने र त्यसमार्फत यस क्षेत्र र सिंगो देशको पर्यटन प्रवर्द्धनमा उच्च सफलता हासिल गर्ने सम्भावना छ,' उनले भने।

मौर्य सम्राट् अशोकद्वारा निर्मित अशोक स्तम्भको शिलालेखले बुद्धको जन्म लुम्बिनीमा भएको



तथ्य अकाट्य रूपमा प्रमाणित भएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सम्पूर्ण मानव जातिको साझा धरोहर एवं विश्वसम्पदाको महत्त्वपूर्ण अंग पवित्र लुम्बिनीको दूत विकासका लागि सरकारले लुम्बिनीलाई राष्ट्रिय गौरवको आयोजनामा सामेल गरी लुम्बिनी गुरुयोजनाको बाँकी कार्य यथाशक्य पूरा गर्न लागिपरेको स्पष्ट पारे। बृहत्तर लुम्बिनी विकास परियोजनाको सफल कार्यान्वयनमार्फत उक्त सम्भावनालाई यथार्थमा बदल्न सकिने बताउँदै उनले यसका लागि प्रस्ताव बनाउन र पहल अगाडि बढाउन लुम्बिनी विकास कोषलाई निर्देशन दिए।

लुम्बिनीलाई अन्तर्राष्ट्रिय बौद्धदर्शन र शिक्षाको अझ ठूलो केन्द्र बनाउन सकिने विश्वास व्यक्त गर्दै प्रचण्डले लुम्बिनी बुद्धको जन्मस्थल मात्र नभई बौद्धदर्शनको उद्गमस्थल भएको स्पष्ट पारे। 'यस क्षेत्रलाई अन्तर्राष्ट्रिय बौद्धदर्शन र शिक्षाको केन्द्र बनाउन ठोस योजना अगाडि बढाएको छ,' उनले भने। प्रचण्डले बौद्ध विश्वविद्यालयको समग्र ध्यान बौद्धदर्शनको प्रवर्द्धनतर्फ केन्द्रित गर्न निर्देशन दिए। नेपालले आयोजना गरेको तेस्रो लगानी सम्मेलनमा बृहत्तर लुम्बिनी विकास परियोजनासम्बन्धी प्रस्ताव प्रस्तुत भई वैदेशिक लगानीका लागि विश्व समुदायलाई आह्वान गरिएको बताउँदै उनले यसले विश्वभरिका बौद्ध धर्मावलम्बीलाई आकर्षण गरी धार्मिक पर्यटन एवं विश्वशान्तिमा गौतम बुद्ध र नेपालको योगदान प्रवर्द्धन हुने विश्वास व्यक्त गरे।

सुर्तीजन्य पदार्थको कर वृद्धि गर्न सुझाव

काठमाडौं/ नेपाल पेयपदार्थ तथा चुरोट उद्योग संघले जारी गरेको विज्ञप्ति भ्रमपूर्ण रहेको भन्दै सरोकारवालाले आपत्ति जनाएका छन्। सुर्तीजन्य पदार्थ नियन्त्रण र रोकथामबारे काम गर्दै आइरहेका एक्सन नेपाल नामक संस्थाले बिहीबार पत्रकार सम्मेलनमार्फत विज्ञप्ति जारी गर्दै संघद्वारा जारी विज्ञप्तिको विरोध गरेको हो।

संघले ४ जेठमा सुर्तीजन्य पदार्थमा लाग्ने करको प्रतिशत र विधाबारे सरकारलाई नै टार्ने गरी विज्ञप्ति जारी गरेको थियो। उक्त विज्ञप्तिप्रति आपत्ति जनाउँदै एक्सन नेपालले सुर्तीजन्य पदार्थका उद्योगीले संसारभरि नै भ्रामक सूचना सम्प्रेषण गरेको, वैज्ञानिक विधिअनुसार तथ्यहरूको पालना नगरेको, नीति निर्माण तह र त्यसमा कार्यरत कर्मचारीलाई दबाब तथा प्रलोभनमा पारेको आरोप लगाएको छ। संस्थामा अध्यक्ष आनन्दबहादुर चन्दले सुर्तीजन्य पदार्थबाट लाग्ने रोगहरू जनस्वास्थ्यको प्रमुख चिन्ताका रूपमा देखिएकाले यसमा गम्भीर हुन जरुरी रहेको बताएका छन्।

जनस्वास्थ्यमा प्रत्यक्ष असर पार्ने त्यस्ता उद्योगहरूले आफूअनुकूल कानुन र परिस्थिति बनाउने प्रचलनजस्तै नै रहेको संस्थाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। सुर्तीजन्य पदार्थबारे वैज्ञानिक विधि, अनुसन्धान र संसारभर प्रचलनमा आएका अभ्यासहरूको परिपालना गर्न एक्सन नेपालले दबाब दिँदै आइरहेको छ। संघले सुर्तीजन्य पदार्थको कच्चा पदार्थ, खुद्रा मूल्यलगायतमा समेत कर तिरेको विज्ञप्तिमा उल्लेख गरेको थियो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले संघले जारी गरेको विज्ञप्ति सुर्तीजन्य पदार्थका व्यापारीहरूको पक्षमा रहेको बताए।

■ लागुऔषधविरुद्ध प्रहरीको विशेष अभियान

एक महिनामा ११४ कारोबारी पक्राउ

काठमाडौं/ लागुऔषध कारोबारविरुद्ध प्रहरीको लागुऔषध नियन्त्रण ब्युरोले तीनमहिने विशेष अभियान चलाएको छ। अभियानको पहिलो महिनामा उल्लेख्य सफलता मिलेको ब्युरोले जनाएको छ। वैशाखमा ब्युरोले एक सय १४ जना कारोबारी पक्राउ गरेको छ। यो अवधिमा ठूलो मात्रामा लागुऔषध बरामद भएको ब्युरोका एसपी रामेश्वर कार्कीले बताए।

वैशाखदेखि असारसम्म ब्युरोले विशेष अभियान चलाएको हो। पहिलो महिनामा केही ठूला कारोबारी पक्राउ परेका छन्। यस अवधिमा एक किलो ७५ ग्राम खैरो हिरोइन बरामद भएको छ। पाँच हजार १९ एम्पुल, नौ हजार पाँच सय ४४ ट्रामाडोल, १८ हजार सात सय ३८ ट्रामाडोल बरामद भएको ब्युरोले जनाएको छ। कोकिन दुई किलो ६ सय ५४ ग्राम तथा एम्फेटाइमन एक सय चार ग्राम बरामद भएको छ। झापा, मोरङ, सुनसरी र बाँकेमा कारोबारीलाई पक्राउ गर्न प्रहरीले गोलीसमेत चलाएको छ। ठूला कारोबारीविरुद्ध आक्रामक हुने रणनीतिअनुसार यसरी केहीलाई गोली प्रहार गरिएको प्रहरी स्रोत बताउँछ। यद्यपि, प्रहरीले भने भाग्न खोज्ने क्रममा बाध्य भएर गोली चलाउनुपरेको जनाएको छ। यस अवधिमा प्रहरीले सचेतना र नियमन पनि बढाएको एसपी कार्कीले बताए। विभिन्न फार्मेसीमा छापा मारेर अवैध रूपमा बिक्री भइरहेका नियन्त्रित औषधिसमेत बरामद गरेको छ। यहीबीचमा सरकारले लागुऔषध नियन्त्रण ऐनको अनुसूची संशोधन गरी ट्रामाडोल र टेपन्टाडोलको चिकित्सकको सिफारिसविना बिक्री गर्नमा लागुऔषध मुद्दा चलाउने व्यवस्था गरेको छ। लागुऔषध दुर्व्यसनीले यिनै औषधि प्रयोग गर्दै आएको खुलेपछि कानुन संशोधन भएको हो।

■ जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय संवादको निष्कर्ष

हिमाललाई एजेन्डा बनाउन विश्वव्यापी सहयोग र क्षेत्रीय साझेदारी आवश्यक

नयाँ पत्रिका

काठमाडौंमा दुई दिन चलेको हिमाल, मानव र जलवायु परिवर्तनबारे विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवादले हिमालको मुद्दालाई मुख्य एजेन्डा बनाउन विश्वव्यापी सहयोग र क्षेत्रीय साझेदारी आवश्यक रहेको निष्कर्ष निकालेको छ।



बढ्दो तापक्रम वृद्धि, बहुविपत् र हिउँ पग्लिन क्रम बढेको हिमालको मुद्दा देशभन्दा बाहिर क्षेत्रीय र अन्तर्राष्ट्रिय विषय रहेकाले राष्ट्रसंघको जलवायु परिवर्तनसम्बन्धी सम्मेलनमा समावेश गर्न जरुरी रहेको औंल्याएको छ। त्यसबाहेक क्षेत्रीय साझेदारी र विश्वव्यापी सहयोगको आवश्यकता ठानिएको छ। जलवायु परिवर्तनको मारमा रहेका नेपालसहितका मुलुकमा जलवायु न्याय सुनिश्चित गर्न, क्षतिका मुद्दालाई सम्बोधन गर्न तथा विश्वव्यापी सहयोग प्राप्त गर्ने विशेषज्ञ सञ्जाल स्थापना हुनुपर्ने देखिएको छ।

अन्तर्राष्ट्रिय जलवायु वित्तमा विकासोन्मुख र विकासशील देशको पहुँच अत्यन्तै चुनौतीपूर्ण छ। 'त्यसैले पहुँच प्रक्रियालाई सरलीकृत गर्न आवश्यक छ। विकास र गरिबी उन्मूलनका लागि यी देशमा जलवायु वित्तमा आधारित अनुदान सहुलियतपूर्ण रूपमा वितरण गरिनुपर्छ,' संवादको निष्कर्षमा भनिएको छ।

विश्वको औसत तापक्रमलाई १.५ डिग्रीभन्दा तल राख्न विकसित देशले सहयोग बढाउनुपर्ने भनिएको छ। अन्तर्राष्ट्रिय सम्मेलनले आर्थिक वृद्धिका लागि स्वच्छ ऊर्जा र हरित अर्थतन्त्रको एजेन्डालाई आत्मसात् गनुपर्ने भनेको छ। त्यसका लागि ऊर्जा प्रणालीको द्रुत र पूर्ण पुनरुत्थान आवश्यक रहेको ठानिएको छ। 'स्वच्छ ऊर्जा विकासले आर्थिक वृद्धिलाई प्रोत्साहित गर्न सक्छ। हरित अर्थतन्त्रलाई प्रोत्साहन गर्ने कुनै पनि लगानीले हरित वृद्धि र गुणस्तर वृद्धिलाई जोड्नुपर्छ,' निचोडमा भनिएको छ, 'जसले प्राथमिकतालाई थप दिगो र लचिलो अर्थतन्त्रतर्फ सहज बनाउँछ। जुन जलवायु र वातावरण, सामाजिक समानता र न्यायमा केन्द्रित हुनुपर्छ।'

तर, यो लक्ष्य हासिल गर्न निजी क्षेत्रसँग साझेदारी आवश्यक रहेको भनिएको छ।

वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. महेश्वर ढकालले संवादले हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरलाई न्यूनीकरण गर्न पर्वतीय जलवायु उत्थानशील रणनीति विकास गर्न मद्दत गरेको बताए। वन तथा वातावरण मन्त्रालयको आयोजनामा दुई दिन चलेको संवादमा २५ देशका विज्ञले छलफल गरेका हुन्।

सजाय माफीको विधिशास्त्रीय औचित्य र कानुनी प्रावधान

विशेष दिवसमा राष्ट्रप्रमुखबाट कैद सजाय माफी दिँदा कानुनी मापदण्ड तय गरी कानुनले नरोकेको कसुरका कसुरदारलाई मात्र दिनुपर्छ



● अनु भट्टराई

अग्रलेख

विभिन्न अभियोग लागि कैद सजाय भुक्तान गरिरहेका कसुरदारले बाँकी कैद सजाय भुक्तान गर्नुनपर्ने गरी दिइने छुट नै वास्तवमा सजाय माफी हो । माफी र आममाफी नितान्त अलग विषय भए पनि एउटै डालामा राखी बुझ्दै आएको पाइन्छ । माफीले आपराधिक कसुरमा सजाय पाइरहेका कैदीबन्दीलाई जेलर वा प्यारोल अधिकारीको सिफारिसमा मन्त्रिपरिषद्को निर्णयलाई राष्ट्रपतिले अनुमोदन गरेपछि दिइने बाँकी सजाय छुटलाई बुझाउँछ । तर, आममाफी भने नितान्त राजनीतिक विषयवस्तु हो । जनआन्दोलन वा राजनीतिक आन्दोलनमा नजरबन्दमा परेको वा राजनीतिक मुद्दामा कैदमा परेका राजबन्दीलाई एकमुष्ट रूपमा बाँकी कैद सजाय छुट दिनु आममाफी हो । आममाफी पाइसकेपछि अभियुक्तले आफूलाई लागेको अभियोग तथा सामाजिक बदनाम, कलंक तथा अपमानबाटसमेत उन्मुक्ति पाउँछ । सजाय माफी पाई छुटेको अभियुक्तलाई सजाय मिनाह वा माफी मात्रै हुने हो । निजलाई लागेको अभियोगबाट उन्मुक्ति पाउने, आपराधिक कार्यमा संलग्नताको अन्त्य हुने वा निर्दोष ठहर भई सामाजिक रूपमा भएको बदनामी, कलंक अपमान आदिको अन्त्य हुँदैन ।

संविधान दिवस, गणतन्त्र दिवस, राष्ट्रिय दिवस तथा विशेष दिन पारेर सजाय माफी दिइँदै आएकामा, सरकारले २०८० असोज ३ गते नवौँ संविधान दिवसको अवसर पारेर ७७ वटै जिल्लाका कैदीलाई सजाय माफी दिएको थियो । कुल ६६० कैदीलाई बाँकी कैद सजाय मिनाह हुने गरी कैदकट्टी गरी सजाय माफी गरेको थियो । तीमध्ये ज्यान मारेको अभियोग लागी कैद सजाय भुक्तान गरिरहेकाको संख्या १७१ थियो । ती १७१ मध्ये जम्मा १३४ कैदीको ६० प्रतिशत र अन्य ३६ को ५० प्रतिशत बाँकी कैद सजाय भुक्तानी मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट गरिएको थियो । कारागारमा राम्रो आचरणसहित सजाय काटिरहेका र विद्यमान कानुनले कैद सजाय माफी दिन निषेध नगरेको कसुर गर्ने कसुरदारका हकमा यो अभ्यास समाजकै उत्कृष्ट र उदाहरणीय अभ्यास हो । त्यसैगरी, राष्ट्रप्रमुखले कैद सजाय माफी दिन पाउने कानुनी व्यवस्था निज राष्ट्रप्रमुख भएको हैसियतले प्राप्त गर्ने संवैधानिक, कानुनी तथा न्यायिक अधिकार पनि हो । यद्यपि माफी दिन पाउने अधिकार राष्ट्रप्रमुखको स्वेच्छाचारिता होइन र यसबाट समाजमा सदियौँदेखि कायम रहेको सामाजिक एकता, सहिष्णुता, सद्भाव, सदाचारितालगायतमा खलल आई समाजमा अराजकताको स्थिति सिर्जना हुनु पनि हुँदैन । स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्षता, समावेशी लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था रहेको हाम्रो मुलुकमा पुरातन विरासत थामेको झल्को आउने गरी माफी, मिनाहा, कैदकट्टी, मुलतबी या फेरि सजायमा परिवर्तन गर्ने कानुनी अख्तियारी कहिल्यै, कसैले, कसैलाई दिने छुटको स्वीकारोक्ति हुनेछैन । तर, समाजमा यस्ता खराब प्रवृत्ति, राजनीतिक संस्कार र संस्कृतिका रूपमा विकास भई दिनानुदिन हाबी हुँदै गइरहेको छ । फलस्वरूप एकातिर स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायिक निरूपण केवल परिकल्पनामा मात्रै सीमित हुन पुगेको छ भने अर्कातिर शक्ति पृथकीकरणको सिद्धान्तको मूल मर्म र भावनाको समेत धज्जी उडिरहेको देखिन्छ । आजको लोकतान्त्रिक सरकारका प्रत्येक निर्णयले अदालतको ढोका घचघचाउन पुग्ने बाध्यात्मक स्थिति अन्त्यका लागि कैद सजाय माफी दिँदा कानुनी मापदण्ड तय गरी कानुनले नरोकेको कसुरका कसुरदारलाई मात्र दिन सक्नुपर्छ ।

संविधानको धारा २७६ मा राष्ट्रपतिलाई कुनै पनि अदालत, न्यायिक तथा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुनबमोजिम कैद सजाय माफी, मुलतबी, परिवर्तन वा कम गर्न सक्ने संवैधानिक अधिकार प्रदान गरेको पाइन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ (४) ले अन्यत्र जुनसुकै व्यवस्था उल्लेख भए पनि भ्रष्टाचार, जबर्जस्ती करणी, क्रूर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेकोलगायत अन्य एघारवटा कसुर गर्ने कसुरदारका हकमा भने यो सुविधा उपभोग गर्न नपाइने व्यवस्था गरेको पाइन्छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ मा अनुसूची १ र अनुसूची २ अन्तर्गतका कसुरमा अदालतमा एकपटक दायर भइसकेको मुद्दा फिर्ता लिनसमेत नसकिने व्यवस्था गरेको पाइन्छ । तर, राजनीतिक दलले फौजदारी कानुनको मान्य सिद्धान्तको बर्खिलाप हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ लाई संशोधन गरी, अन्यत्र जेसुकै उल्लेख गरेको भए पनि 'कुनै पनि राजनीतिक दलले मुलुकको राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेकामा त्यस्तो राजनीतिक दललाई शान्तिपूर्ण राजनीतिक मूलधारमा आउन संविधान र कानुनको अधिनमा रही शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिबद्धता जनाई सरकार र त्यस्तो राजनीतिक दलबीच राजनीतिक प्रकृतिको सम्झौताका माध्यमबाट सरकार वादी भई दायर भएको मुद्दा फिर्ता लिने गरी सहमति भएकामा त्यस्तो सम्झौताबमोजिम त्यस्ता राजनीतिक दलविरुद्ध सरकार वादी भई चलाइएको जुनसुकै मुद्दा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको भए पनि फिर्ता लिन सक्ने' व्यवस्था गरेको छ । जसले अपराधलाई राजनीतीकरण र राजनीतिलाई अपराधीकरण गर्ने खुला अभ्यास सुरु गर्ने हो कि भन्ने भान हुन्छ । जसको समसामयिक र जल्दोबल्दो उदाहरण, अखण्ड सुदूरपश्चिम र थरूहटको माग गरी ७ भदौ ०७२ मा कैलालीको टीकापुरमा सुरु भएको थरूहट आन्दोलनका क्रममा भएको नरसंहारका मुख्य आरोपी मानिएका रेशम चौधरीलाई दिइएको सजाय माफी हो । तीनै तहका सम्मानित अदालतले दोषी ठहर गरी गरेको फैसलाको पूर्णपाठ नआउँदै निजलाई राजनीतिक शक्तिका आडमा सजाय माफी दिइएको थियो । त्यसैगरी, २९ असार ०७२ मा नेपालगन्जको खुला तथा व्यस्त बजारमा दिउँसै पूरै बजारमा लखेटी लखेटी खुँडा प्रहार गरी चेतन मानन्धरको ज्यान लिने रिगल ढकाललाई दिइएको सजाय माफीलाई पनि अर्को उदाहरण मान्न सकिन्छ । तीनै तहका सम्मानित अदालतले कसुरदार ठहर गरी गरेको सर्वस्वसहित जन्मकैदको सजायमा निजलाई दिइएको कैद सजाय छुटले राजनीनिक पहुँचबाट सिर्जित गम्भीर तथा जघन्य प्रकृतिको अपराधको गन्ध आउँछ ।

प्रत्येक जघन्य र गम्भीर प्रकृतिको कसुरमा सजाय काटिरहेका कसुरदारलाई बाँकी सजाय माफी दिँदा पीडितसँग छलफल तथा परामर्श गरी अनुमतिसमेत लिनुपर्ने सम्मानित सर्वोच्च अदालतले प्रतिपादन गरेको कानुनको मान्य सिद्धान्त तथा अपराधपीडितको न्याय सिद्धान्तको समेत उपहास हुन पुग्ने देखिन्छ । जथाभावी तथा एकलौटी रूपमा गरेको सरकारको अत्यधिक विवादास्पद, अपरिपक्व तथा शंकास्पद निर्णयले अदालतको धज्जी मात्रै नउडाई यसले १८औँ शताब्दीमा फ्रान्सका जनताले मृत्युदण्ड दिएका 'म नै राज्य हुँ' भन्ने राजा लुई चौधौँको झझल्को मेटाइदिन्छ । यसबाट नेतालाई रिझाउन र फकाउन सके जस्तोसुकै जघन्य तथा क्रूर र अमानवीय प्रकृतिको कसुर गरे पनि छुट्न सकिन्छ भन्ने नजिर समाजमा स्थापित नहोला भन्न सकिन्न । पावर, पैसा र पहुँचमा रहिरहनुपर्छ भन्ने मनोवृत्तिको विकास समाजमा भई ससाना विषयलाई लिएर उत्पन्न हुने असमझदारीमा व्यक्ति सहजै रूपमा हत्या, हिंसामा नउत्रेला भन्न सकिन्न । त्यति मात्रै होइन, जघन्य र गम्भीर प्रकृतिका कसुर गर्ने यस्ता कसुरदारलाई कैद सजाय छुट दिइसकेपछि त्यस्ता व्यक्तिबाट समाजमा पुनः सोही प्रवृत्तिको अपराधको पुनरावृत्ति नहोला भन्न सकिन्न । ३ असोज ०८० मा बहुविवाहको अभियोग लागी एक वर्षको सजाय पाई रुकुम कारागारमा कैद जीवन बिताइरहेका ३१ वर्षीय लोकबहादुर विकले सजाय माफी पाई कारागारबाट बाहिर आएको २५ दिनमै आफ्नी प्रेमिकालाई होटेलमा बोलाई धारिलो हतियार प्रहार गरी बीभत्स हत्या गरेका थिए । सरकारले यसरी माफी दिएका, तर विक्षिप्त र रोगी मानसिकता भएका अपराधीबाट जघन्य प्रकृतिको आपराधिक घटना घट्न गएमा सोको जिम्मेवार को हुने ?

> कारागारमा राम्रो आचरणसहित सजाय काटिरहेका र विद्यमान कानुनले कैदसजाय माफी दिन निषेध नगरेको कसुर गर्ने कसुरदारका हकमा सजाय माफीको यो अभ्यास समाजकै उत्कृष्ट र उदाहरणीय अभ्यास हो

भारतमा सुरुमा राष्ट्रपतिले माफी दिने अधिकार प्रयोग गरेको विषयमा न्यायिक पुनरावालोकन हुन नसक्ने कानुनी व्यवस्था रहेकामा यसको चरम दुरुपयोग भएकाले सम्मानित सर्वोच्च अदालतले न्यायिक पुनरावलोकनीय अधिकार सुनिश्चित गरेको हो । नेपालमा पनि सर्वोच्च अदालतले रिटमार्फत पुनरावलोकनीय अधिकार दिएको छ । फलस्वरूप रिगल ढकाललाई सरकारले माफी दिएको विषयविरुद्ध परेको रिटमा गत १६ कात्तिकमा सर्वोच्च अदालतले बाँकी सजाय भुक्तान गर्नुपर्ने फैसला सुनाएपछि निजलाई पक्राउ गरी पुनः कारागार चलान गरिसकेको छ भने रेशम चौधरीको सजाय माफीविरुद्धको रिट सर्वोच्चमा विचाराधीन छ ।

यसर्थ, सजाय माफी दिँदा जघन्य प्रकृतिका कसुर नगरेका, प्रचलित कानुनले सजाय माफी दिन रोक नलगाएका, सजायको निश्चित समयावधि पूरा गरेका, कारागारभित्र असल आचरण देखाएका र सोको सिफारिस जेलर वा प्यारोल अधिकारीले गरेको हुनुपर्छ । त्यसैगरी मिर्गौला फेल भएमा, क्यान्सर तथा एचआइभीलगायत प्राणघातक रोग लागेको पुष्टि मेडिकल बोर्डबाट भएका, कैदीहरू अतिवृद्ध भई शारीरिक तथा मानसिक रूपमा विक्षिप्त र रोगी भइसकेको देखिएमा माफी दिन सकिन्छ । यद्यपि, यी सर्तको प्रभावकारी कार्यान्वयनको अभ्यासको अभाव पर्याप्त र प्रशस्त मात्रामा देख्न सकिन्छ । सरकारले राजनीतिक आग्रह र पूर्वाग्रहबाट प्रेरित भई जथाभावी रूपमा माफी दिने गरेको पाइन्छ । जसले समाजमा आपराधिक कार्यलाई थप प्रोत्साहान हुने तथा अपराधपीडितको क्षतिपूर्तिसहित सामाजिक पुनर्स्थापनाको हक हनन हुन जान्छ । त्यति मात्रै होइन, यस्तो कार्यबाट अपराधपीडितको संवैधानिक तथा मौखिक हकमा समेत आघात पुग्छ । यसरी राजनीतिक दलले मनोमानी र मनपरी ढंगले सस्तो लोकप्रियता हासिल गर्ने, भागबन्डा मिलाउने तथा आफ्ना आसेपासे, भाइभतिज र कार्यकर्तालाई बचाउने उद्देश्यसहित दिइने माफीले समाजमा एकातिर आपराधिक मनोवृत्तिको जन्म गराइदिन्छ भने अर्कातिर यसले संगठित अपराध, साइबर अपराधलगायत अपराधका दुनियाँमा नयाँ स्वरूपको आपराधिक प्रवृत्तिको जन्म भई समाजलाई अझै आतंकित र असुरक्षित महसुस गराउने कार्यमा खुलमखुला सहयोग गर्छ । यसर्थ नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई आत्मसात् गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपालको विशेषतालाई स्वीकार गरी समानुपातिक, समावेशी, सहभागितामूलक सामाजिक न्यायमा आधारित सभ्य र भव्य राष्ट्र निर्माणको परिकल्पना दण्डहीनताको अन्त्य गरी कानुनी शासनको प्रत्याभूतिबाट मात्रै सम्भव हुन्छ । जसका लागि माफी होस् या फेरि आममाफी, कानुन र कानुनी प्रक्रिया पूरा गरेर मात्र दिनुपर्छ । किनकि कानुनभन्दा माथि कोही हुँदैन र हुनु पनि हुँदैन । यसर्थ, सजाय माफीको विधिशास्त्रीय औचित्यको पुष्टि तथा कानुनी आधार र कारणसमेतको मापदण्ड तय गरी यही १५ जेठमा पर्ने गणतन्त्र दिवसमा कैद माफी दिइयोस् । यस प्रावधानलाई सत्ता टिकाउने टेको बनाउने खेल नबनाइयोस् ।

(भट्टराई अधिवक्ता हुन्)



---

३ प्रश्न

संसद्को सार्वजनिक लेखा समितिका पूर्वसचिव **सोमबहादुर थापालाई**



संसद्का पदाधिकारीले सुविधा कम भयो, नयाँ गाडी चाहियो भनेर माग गर्नुभएको रहेछ, यस विषयमा के भन्नुहुन्छ ?

पदाधिकारीलाई सुविधा दिनुपर्छ । गाडी कामै नलाग्ने रहेछन् भने फेर्नु पनि पर्छ । तर, देश आर्थिक मन्दीमा रहेको बेलामा सुविधा मात्रै मागेर हुँदैन । पदाधिकारीलाई गाडी दिने हो भने भन्सार छुटमा उसैले गाडी किन्ने सुविधा दिनुपर्छ । बरु देश र जनताको काम गरेबापत मासिक कति इन्धन र मर्मत खर्च दिने हो, तोकिदिए हुन्छ । अथवा विद्युतीय गाडीका लागि यस्तो सुविधा दिन सकियो भने इन्धनको रकम पनि जोगिन्छ ।

संसद्मा बजेटको अभाव कति छ र यसले संसद्को काममा कति प्रभाव पार्छ ?


बजेट कम भयो या बजेट छैन भन्ने त बहाना मात्र हो । यहाँ बजेट अभाव नै भए पनि चाहिनेभन्दा नचाहिने काममा बढी खर्च भइरहेको हुन्छ । त्यो कटौती गर्न सक्नुपर्छ । संसद् नचलेको समयमा तलब, भत्ता नलिने व्यवस्था लागू गर्नुपर्छ । जनताका काम गर्न गएका सांसद र पदाधिकारीले काम नगरेको समयमा कसरी सुविधा लिन मिल्छ ? अफ सिजनमा किन तलब, भत्ता दिनुपर्‍यो ? संसद्का पदाधिकारीले देशको अवस्थाचाहिँ हेर्नुपर्दैन ?

आफैँ सुविधा माग्नुपर्ने संस्थाले संसदीय निगरानी कसरी गर्न सक्ला ?

बजेट, सुविधा र साधन-स्रोतभन्दा पनि नियत, सक्रियता, नैतिकता र इमानदारी ठूलो हो । सरकारको बजेट पास गर्ने संस्थाले आफूलाई बजेट अभाव भयो भन्न मिल्दैन । आफ्ना लागि अलग्गै बजेट पास गर्ने प्रणाली स्थापित गर्न उसलाई कसले रोकेको छ र ?

प्रेरक प्रसंग

गल्ती सच्च्याउने उपाय



एकपटक महात्मा गान्धी कतैको यात्रामा थिए । साथमा उनका कैयौँ अनुयायी पनि थिए । तीमध्ये एक अनुयायी आनन्द स्वामी पनि थिए । यात्राका क्रममा आनन्द स्वामीको कुनै विषयलाई लिएर एक सर्वसाधारणसित विवाद भयो । विवाद निकै बढेर गयो । दुवै आ-आफ्नो भनाइमा अडिग थिए । विवाद बढ्दै जाँदा आनन्द स्वामीले रिसले तिल्मिलाएर जोडले कसेर ती सर्वसाधारणको गालामा एक थप्पड हिर्काए ।

आनन्द स्वामीले सर्वसाधारणको गालामा थप्पड हानेको विषय गान्धीसमक्ष पनि पुग्यो । गान्धीलाई यो विषय निकै नराम्रो लाग्यो । उनले आनन्द स्वामीलाई बोलाएर प्रश्न गरे- आनन्द, तपाईंले एक सर्वसाधारणको गालामा थप्पड हान्नुभयो भन्ने मैले सुनेँ । के यो साँचो हो ? आनन्दले केही निहुरेर जवाफ दिए- हजुरले ठीकै सुन्नुभयो बापु, त्यसले अनावश्यक विवाद गरिरहेको थियो ।

आनन्द स्वामीको जवाफ सुनेर गान्धी दुःखी भए । उनले भने- अहँ, यो पटक्कै राम्रो भएन । तपाईंले एक सर्वसाधारणलाई थप्पड हिर्काएर गलत गर्नुभयो । के त्यो मानिस सर्वसाधारण नभएर तपाईंको बराबरीको भएको भए पनि तपाईं उसलाई थप्पड हान्नुहुने थियो ? त्यसैले जे भयो, भइगयो । अब गल्ती सच्च्याउने उपाय भनेको माफी माग्नु नै हो । अब तपाईं ती सर्वसाधारणसित तत्काल माफी माग्नुहोस् । आनन्द स्वामीलाई पनि आफ्नो गल्ती महसुस भयो । उनले ती सर्वसाधारणसित माफी मागे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कामिरितालाई बधाई

कीर्तिमानी आरोही कामिरिता शेर्पाले आफ्नै कीर्तिमान भंग गर्दै ३० औँपटक विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेको समाचार पढ्दा खुसी लाग्यो । यस सफलताका लागि कीर्तिमानी आरोही कामिरितालाई हार्दिक बधाई तथा शुभकामना छ । यसका साथै, आठ दिनमा तीनपटक सगरमाथा आरोहण गरेर नयाँ कीर्तिमान बनाएका सेभेन समिटका गाइड दावाफिन्जोक शेर्पालाई पनि हार्दिक बधाई तथा शुभकामना छ । आउँदा दिनमा दुवै कीर्तिमानी आरोहीको आरोहण यात्रा थप सफल होस् ।

● **वन्दना साह**, राजविराज, सप्तरी

किन चाहियो नयाँ गाडी ?

तलब बढाउन र नयाँ गाडी उपलब्ध गराउन संसद्का पदाधिकारीले माग गरेकोसम्बन्धी समाचार पढ्दा दुःख लाग्यो । देश आर्थिक मन्दीको चपेटामा परेको र देशको साधारण खर्च चलाउनसमेत धौधौ परिरहेको अवस्थामा यसरी संसद्का पदाधिकारीले थब बजेट र नयाँ गाडी माग गर्नु बिल्कुलै जायज छैन । एउटा गाडी नबन्ने देशमा पुराना गाडीबाटै काम चलाउन किन नहुने ? किन तिनलाई नयाँ गाडी नै चाहिने ? राज्यसत्ता लुट्न अझै बाँकी छ हो ?

● **सुमन कठायत**
टेकु, काठमाडौं

कृषिको विकासमा ध्यान देऊ

बागमती प्रदेशमा व्यापार अन्य प्रदेशमा कृषि क्षेत्रको योगदान धेरै शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो । वास्तवमा सातमध्ये ६ प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान अन्य क्षेत्रको भन्दा बढी देखिनु सकारात्मक छ । तर, देशको कृषि क्षेत्रमा राज्यको ध्यान जान नसकेको देख्दा दुःख लाग्छ । देशमा नागरिकसित निकट सम्बन्ध गाँस्ने नाममा तीन तहका सरकार अस्तित्वमा छन् । तिनले कृषि क्षेत्रको विकासमा अविलम्ब लगानीसहित ध्यान दिन जरुरी छ ।

● **बलराम जोशी**
नरेफाँट, काठमाडौं

जिम्मेवारीबोध कहिले गर्ने ?

हेर्दा सामान्य लागे पनि देशको आर्थिक अवस्था कमजोर पार्नुमा राजनीतिक नेतृत्वको जति भूमिका छ त्योभन्दा कम कर्मचारीको छैन । एउटा नेता जनताले चाहेमा मात्र पाँच वर्ष सांसद वा मन्त्री बन्न सक्छ, तर एउटा कर्मचारी जनताले रुचाउन्, नरुचाउन्, ३० वर्षसम्म जागिरमा झुन्डिरहन्छ । ३० वर्ष मन्त्रालयअन्तर्गतका कार्यालयमा बस्दा उसले कति भ्रष्टाचार गर्ला, सोचौँ त । एउटा अधिकृतको जागिरले काठमाडौंमा घर र गाउँमा जग्गाजमिन जोड्न कसरी सम्भव होला, एकपटक सोचौँ त ।

हामी एकोहोरो नेतालाई गाली गर्छौं, तर तिनै नेतालाई भ्रष्ट बनाउने कर्मचारीका विषयमा भने एक शब्द बोल्दैनौँ । यसको मतलब सबै कर्मचारी खराब छन् भन्नेचाहिँ पक्कै होइन, असल कर्मचारी पनि छन् । तिनकै कारण अहिलेसम्म हाम्रो कर्मचारीतन्त्र जीवित छ । एउटा सरकारी बैंक र एउटा निजी बैंक नै हेरौँ न, कति फरक हुन्छ सेवाग्राहीलाई दिने सेवामा । सरकारी कर्मचारीको बोलीचाली हेरौँ अनि निजी कम्पनीमा काम गर्ने कर्मचारीको बोलीचाली हेरौँ । सरकारी संस्था जहिल्यै घाटामा र निजी कम्पनीहरू जहिल्यै फाइदामा हुनुको कारण पनि कर्मचारीको यही व्यवहार नै हो । नेपालमा कर्मचारी सुध्रन आवश्यक छ । यसका लागि निगरानी बढाउनुपर्छ । कोही दोषी छन् भने आवश्यक पर्दा कारबाही गर्न तयार हुनुपर्छ ।

एउटा मन्त्रालय र उसका विभाग तथा शाखाबारे एउटा कर्मचारीलाई जति थाहा हुन्छ, नेतालाई त्यसको एक अंश पनि थाहा हुँदैन । नेतालाई घुमाएर भ्रष्टाचार गर्न सिकाउने कर्मचारी नै हुन् । त्यसैले, उनीहरूले जिम्मेवारीबोध गर्ने कहिले ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

समस्यामै छ समाधान

सरकारदेखि देशका प्रमुख अंग, संयन्त्रदेखि सर्वसाधारण नागरिकसमेतमा रहेको अज्ञानता नै सबै समस्याको प्रमुख स्रोत हो



● रामचन्द्र शर्मा

दार्शनिक सुकरात भन्छन्– प्रश्न राम्ररी बुझे आधा उत्तर त्यत्तिकै पाइन्छ । आजका विद्वान्‌हरू भन्छन्- समस्याभित्रै समाधान हुन्छ, समस्या नै सम्पत्ति हो । यो सन्दर्भ हाम्रो देशका यावत् समस्या र तिनको समाधानतर्फ सरकारको ध्यान पुगोस् भन्ने सदाशयताले उठाइएको हो । विश्वमै उत्कृष्ट मानिएको लोकतान्त्रिक गणतन्त्र नेपाल विकासमा पछाडि परेको तथ्यांकले देखायो । उसो त भिन्न व्यवस्था अँगालेका हाम्रै छिमेकी चीन र भारत विकासको फड्को मार्दै विश्व महाशक्तिमा दरिँदै गएको अवस्थाले विकास हुनु र नहुनुमा व्यवस्था ठूलो कारक नहुने प्रस्ट हुन्छ । स्वदेशमा केही हुँदैन भन्ने नकारात्मक मनोविज्ञानका साथ रोजगारी र उच्च शिक्षाको खोजीमा युवा जनशक्ति विदेश पलायन भइरहेका छन् । बसी खाने वृद्धभन्दा गरी खाने युवाको बाहुल्यले जनसांख्यिक लाभको अवसर पाएको नेपाल वृद्धाश्रममा परिणत हुने जोखिममा छ । देशमा बढ्दै गइरहेको भ्रष्टाचार, हत्या-हिंसा या बलात्कारका घटनाले नागरिकमा देशप्रति अविश्वास बढाउँदै लगेको छ । सबै दल र नागरिक मिलेर गणतन्त्र ल्याए । दलहरूले मिलेरै संविधान बनाए । तर, तिनै दल सत्ताको खेलमा अल्झिँदा एक दशक लामो अवधिसम्म आवश्यक कानुन बन्न सकेनन् । संविधानको धारा २३२ ले तय गरिसकेको संघ, प्रदेश र स्थानीय सरकारबीचको सहकारिता सहअस्तित्व र समन्वयको सम्बन्ध व्यवहारमा लागू हुन सकेन । धारा ४ मा उल्लिखित समाजवादउन्मुख कार्यक्रमप्रति कसैको चासो देखिएन । सत्तामा हुँदा र नहुँदा एउटै मुद्दामा दुई विपरीत अडान देखियो । तजबिजी कानुन बनाई छिद्र खोज्दै स्वार्थ पूरा गर्ने खेलमा सबै रमाउन थाले । राजनीतिक स्थिरताका लागि दिइएको जनमत कहिले संसद् विघटन गरेर त कहिले संसद्मै अभद्र व्यवहार गरेर अपमान गर्नेसम्मका व्यवहार दोहोरिँदा देश अप्ठ्यारामा परेको हो ।

दल र नेताहरूबाट कमजोरी नभएका होइनन्, तर पछिल्ला दिनमा सारा समस्या उनीहरूमै मात्र थोपर्ने प्रवृत्तिले समस्या थपेको छ । धरातलमा देखिएका समस्या मानिसमा आउने ज्वरोजस्तै हो । ज्वरो आफैँमा समस्या भए पनि त्यसको कारण शरीरभित्रको अर्को कुनै रोग भएजस्तै समस्याको मूल कारण आफू मात्र ज्ञानी भएको भ्रम (अज्ञान) र पापी प्रवृत्ति हो । आफ्नो विकलांगताले ह्विलचियरमा सारा जीवन बिताएर पनि ब्रह्माण्ड बुझ्ने ठूलो लक्ष्य लिई निरन्तर अनुसन्धान गर्ने वैज्ञानिक स्टिफन विलियम हकिङले मानिसको ठूलो दुस्मन मूर्खता होइन, ज्ञानी भएको भ्रम हो भनेको प्रसंग आजको नेपाली परिवेशमा ठ्याक्कै मिल्छ । चीन र अमेरिकाबीच व्यापार भएको नदेख्ने, पुँजीवाद र समाजवादका नाममा जनता भिडाउने, मन्दिरमा देवीको पूजाआजा गर्ने घरमा श्रीमती, बुहारी या छोरीमाथि हिंसा गर्ने व्यवहारले ज्ञानी भएको भ्रममा छिपेको अज्ञान प्रकट गरेको छ ।

इको-सिस्टमको अन्तरनिर्भरता दर्शाएर प्रकृतिले मानिसलाई दिएको सहकार्य र सहअस्तित्वको सन्देशविपरीत जाति, धर्म र सम्प्रदायका नाममा तोडफोड र द्वन्द्व मच्चाउँदा प्रेम, श्रद्धा र करुणाले भरिनुपर्ने मानिसमा ईर्ष्या र प्रतिशोधको भावना भरिई समस्या बढेको हो । त्यसमाथि मानिसको हित र सुविधाका लागि वैदिक ऋषिमुनि र वैज्ञानिकले वर्षौँको अनुसन्धानपछि आविष्कार गरेको अध्यात्म र भौतिक विज्ञानबीच संयोजन गरेर हिँड्नुपर्नेमा परस्पर विरोधीका रूपमा गलत व्याख्या गरिदिँदा शिक्षामा हुनुपर्ने गुणस्तरको अभाव भयो । उत्पादित जनशक्तिमा नैतिक चरित्रको कमी रह्यो । चलिआएका मानवीय मूल्य-मान्यता, संस्कार र संस्कृति क्रमशः मेटिँदै जाँदा सामाजिक उकुसमुकुस र देशकै अस्तित्व संकटमा पर्न सक्ने अवस्था खडा भएको छ । अध्यात्मले मानिसको भित्री जगत्, मन, चित्त, बुद्धि र भावना ठीक नपारिदिए भौतिक विज्ञानका उपलब्धि निस्सार हुँदा रहेछन् भन्ने तथ्य पुष्टि भयो । किनकि, भित्री र बाहिरी दुवै जगत्‌ले मात्र मानिस पूर्ण हुन्छ । समग्र सहकारीको छानबिन गर्ने सहमति गरिसकेपछि यो र त्यो सहकारीको नाम उल्लेख गर्ने वा नगर्ने बहानामा दुवै संसद् बन्धक बनाइदिँदा देशको प्रमुख अंग विधायिका अज्ञानताको सिकार भएको छ । नागरिकले आफूहरू संकुचित कानुन तथा कार्यविधि र त्यसमाथि न्यायिक विचलनको मारमा परेको औँल्याउँदै आएको अवस्थामा वकिलहरूको राष्ट्रिय सम्मेलनमा प्रधानन्यायाधीशले न्यायपालिकाप्रतिको आशंका निवारणमा जुट्न गरेको आग्रहले न्याय दिलाउन सहजीकरण गर्नुपर्ने वकिल, न्याय गर्नुपर्ने न्यायाधीश र न्यायालय पनि अज्ञानताबाट ग्रस्त रहेको देखायो । देशलाई गतिमान बनाउने कार्यपालिका त भनै अज्ञानको भुमरीमा परेको तथ्य सरकार बनाउने र भत्काउने गठबन्धनका गतिविधिले उजागर गरेको छ ।

आफ्नो स्वार्थ पूरा गर्न नेता रिझाएर भ्रष्टाचार गर्न तम्सिने आफूले निर्वाह गर्नुपर्ने पदीय जिम्मेवारीप्रति बेवास्ता मात्र होइन, तलब-सुविधाका लागि आन्दोलन गर्दै संस्था नै बन्द गर्ने विभिन्न क्षेत्रका कर्मचारी, शिक्षकदेखि मुनाफा बढी चाहने तथा सेवाको गुणस्तर बढाउन नचाहने व्यापारी, कुखुरा देखाइदिएको कमिसन खोज्ने नागरिक सबै अज्ञानको महारोगबाट थलिएका छन् । अतः देशका प्रमुख अंग, संयन्त्रदेखि सर्वसाधारण नागरिकसमेतमा रहेको अज्ञानता सबै समस्याको स्रोत हो भन्ने छर्लंग छ । अज्ञानको समाधान ज्ञानले मात्र गर्न सक्छ । हरेक वस्तुको आफ्नै स्वभाव हुन्छ र त्यो धारण गर्नु उसको धर्म हो । पानी जति तताए पनि चिसो भइछाड्छ । शीतलता पानीको स्वभाव हो । मानिसको स्वभाव आनन्द हो, जुन ऊभित्रै छ । तर, ऊ बाहिर खोज्छ र नभेटेर दुःखी हुन्छ । उसले आफ्नो स्वभावमा फर्किन नजानेर अज्ञानतावश प्रकृतिविरोधी काम गर्‍यो । मानिस आध्यात्मिक ज्ञानको प्रकाशबाट वञ्चित भएकाले अज्ञानी रह्यो । चिनीमा गुलियो र कागतीमा अमिलो स्वाद रहेजस्तै हरेक चिज वस्तुमा रहेको गुण नै उसको स्वभाव हो । हरेक मानिसमा सत्यता, स्वाध्याय, क्षमाशीलता, सर्वकल्याण भाव, सेवाभाव, मधुर वाणी, लक्ष्यसँग एकाकार र मुमुक्षाजस्ता गुण छन् । आध्यात्मिक भाषामा 'दिव्य नव व्रत' भनिने यी गुण धारण एवं पालना गर्नु मानवीय धर्म हो ।

अध्यात्म र भौतिक विज्ञानको संयोजन गर्दै आध्यात्मिक जागरण र योग-ध्यानको साधनामार्फत नेपाललाई योग र ध्यानमय राष्ट्रको रूपमा विकास गरी स्वर्गीय आनन्द दिने हरिया डाँडापाखालाई योग र ध्यानको पूर्वाधार र हरेक नेपालीलाई प्रशिक्षक बनाई विश्वभरका मानिसलाई योग र ध्यानको साधनामार्फत आनन्दित तुल्याई देशमा डलर भित्र्याई समृद्ध बनाउने लक्ष्य लिएको जीवन विज्ञान संस्थाले गत चैतमा लुम्बिनीमा विराट चक्र विज्ञान कार्यक्रम सम्पन्न गरेको थियो । त्यसैबखत नेपाललाई विश्वकै शान्ति पर्यटन केन्द्रका रूपमा विकास गर्ने भनी जारी गरिएको लुम्बिनी घोषणापत्रमा हस्ताक्षर गर्दै प्रधानमन्त्रीले बजेटसहित योजना ल्याउने प्रतिबद्धता व्यक्त गरेकाले छोटै रूपमा भए पनि योग र ध्यानको विषय नीति तथा कार्यक्रममा समेटिएको छ । देशमा व्याप्त अज्ञान र नकारात्मकतालाई ज्ञानी र सकारात्मक बनाउने एक र अन्तिम उपाय आध्यात्मिक जागरण र योग- ध्यान मात्र भएकाले स्थानीय तहदेखि नै बजेट छुट्याएर अर्थमन्त्रीले देशको समस्या चिनी समाधानतर्फ अग्रसर भएको सन्देश दिन जरुरी छ ।

साताभर सेयर बजारमा वृद्धि

गत शुक्रबार राष्ट्र बैंकले मौद्रिक नीतिको तेस्रो समीक्षामार्फत बैंकको सेयरलाई प्रोत्साहन गर्ने नीति ल्याएपछि आइतबारबाट सेयर बजार लयमा फर्किएको लगानीकर्ताको भनाइ



दिन	नेप्से सूचक	कारोबार रकम
आइतबार	४५.६९	५ अर्ब २० करोड ८२ लाख
सोमबार	२७.५४	५ अर्ब ८३ करोड ४० लाख
मंगलबार	२३.९४	५ अर्ब १६ करोड १४ हजार
बुधबार	१५.५४	५ अर्ब ६६ करोड ४२ लाख

नयाँ पत्रिका

यो साता सेयर बजारमा उछाल देखिएको छ। प्रत्येक दिन सेयर बजार सूचकांक वृद्धि हुँदा लगानीकर्तासमेत उत्साहित भएका छन्।

सेयर कारोबार भएको चार दिनमा बजार एक सय १२ दशमलव ७१ अंकले बढेर दुई हजार एक सय ३१ दशमलव ४९ विन्दुमा बन्द भएको छ। अघिल्लो साता पनि पाँच दिन भएको कारोबारमा सूचकांक ५२ दशमलव ५२ अंकले बढेको थियो। १ जेठबाट ब्रोकर कमिसन १० प्रतिशतका दरले घटाउने निर्णय कार्यान्वयनमा आएसँगै सेयर बजारले बुलिस ट्रेन्ड समातेको छ।

यो साता २१ अर्ब ८६ करोड रुपैयाँको कारोबार भएको सेयर बजारमा अघिल्लो साता १८ अर्ब ५९ करोड रुपैयाँको कारोबार भएको थियो। गत शुक्रबार राष्ट्र बैंकले मौद्रिक नीतिको तेस्रो समीक्षामार्फत बैंकको सेयरलाई प्रोत्साहन गर्ने नीति ल्याएको थियो। त्यसपछि आइतबारबाट सेयर बजार लयमा फर्किएको पुँजी बजार संघकी अध्यक्ष राधा पोखरेलले बताइन्।

अघिल्लो साता बजार पुँजीकरण ३२ खर्ब एक अर्ब १६ करोड रुपैयाँ रहेको थियो भने यो साता ३३ खर्ब ७९ अर्ब ९१ करोड रुपैयाँ पुगेको छ। साताको पहिलो दिन आइतबार सेयर बजार ४५.६९ अंकले बढेर दुई हजार ६४ दशमलव ४५ विन्दुमा रहेको थियो। उक्त दिन पाँच अर्ब २० करोड ८२ लाख रुपैयाँबराबरको सेयर कारोबार भएको थियो। त्यस्तै, सोमबार २७.५४ अंकले बढेर दुई हजार ९२ विन्दुमा पुगेको थियो। सोमबार मात्रै पाँच अर्ब ८३ करोड ४० लाख रुपैयाँको सेयर कारोबार भएको थियो।

मंगलबार २३.८४ अंकले बढेर दुई हजार एक सय १५ दशमलव ९४ विन्दुमा आइपुगेको थियो। उक्त दिन पाँच अर्ब १६ करोड १४ लाख रुपैयाँको कारोबार भएको नेप्सेले जनाएको छ। साताको अन्तिम दिन बुधबार १५.५४ अंकले बढेर दुई हजार एक सय ३१ दशमलव ४९ विन्दुमा कारोबार बन्द भएको छ। बुधबार पाँच अर्ब ६६ करोड ४२ लाख रुपैयाँको सेयर कारोबार भएको थियो। बिहीबार बुद्ध जयन्तीका कारण सार्वजनिक बिदा भएकाले बजार बन्द थियो।

बोर्डको कार्यवाहक अध्यक्षमा राना

नेपाल धितोपत्र बोर्डको कार्यवाहक अध्यक्षको जिम्मेवारी नरेन्द्रकुमार रानालाई दिएको छ। राना अर्थ मन्त्रालयका सहसचिव हुन्। लामो समयदेखि रिक्त रहेको बोर्डमा अध्यक्ष नभएपछि दैनिक कामकाज नै प्रभावित बन्न पुगेको थियो।

यसअघिका बोर्ड सदस्य तथा अर्थ मन्त्रालयका सहसचिव रितेशकुमार शाक्य बजेट लेखनमा व्यस्त भएपछि रानालाई बोर्डअध्यक्ष नियुक्ति नभएसम्मका लागि जिम्मेवारी दिइएको हो। केही संशोधित ऐनले बोर्डअध्यक्ष नभएको खण्डमा अर्थ मन्त्रालयकै सदस्यलाई अध्यक्षको हैसियतका रूपमा काम गर्न पाउने अधिकार दिएको छ। रानाले मंगलबारबाट बोर्डको कार्यभार सम्हालेको धितोपत्र बोर्डका उपकार्यकारी निर्देशक अम्बिका गिरीले बताए। उनले भने, 'उहाँले औपचारिक रूपमा मंगलबार कार्यभार सुरु गर्नुभएको छ, अब सार्वजनिक निष्कासन, हकप्रदलगायत विषयमा छलफल गरेर अघि बढ्ने कुरा भएको छ।'

धितोपत्र बोर्डको अध्यक्ष २२ पुसदेखि रिक्त रहेको छ। अध्यक्ष नियुक्ति प्रक्रियामा ढिलाइ हुँदा सार्वजनिक निष्कासन (आइपिओ), हकप्रदलगायतको स्वीकृति हुन सकेको छैन। बोर्डअध्यक्ष नियुक्तिका लागि चारजनाको नाम सर्ट लिस्ट जारी भए पनि बजेट लेखनपछि मात्र आवश्यक निर्णय लिने अर्थ मन्त्रालयको तयारी छ।

बजेटमा कृषिलाई प्राथमिकता : प्रधानमन्त्री

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संसद्मा पेस भएको नीति तथा कार्यक्रमअनुरूप आगामी आर्थिक वर्ष ०८१/८२ को बजेटमा कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिने बताएका छन्।

ललितपुरको कोन्ज्योसोम गाउँपालिकाद्वारा बिहीबार आयोजित त्रिमूर्ति प्रतिमा उद्घाटनमा बोल्दै प्रधानमन्त्री प्रचण्डले सरकारको नीति तथा कार्यक्रम र बजेटबाट कृषि क्षेत्रले पर्याप्त लाभ लिन सक्ने बताए। उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनालाई उच्च प्राथमिकता दिएर



नीतिगत व्यवस्था गरिने भनाइ छ। कोन्ज्योसोम गाउँपालिका कृषि, तरकारी खेती, पशुपालन, दुध र मासु उत्पादनका दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्र भएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, विविधीकरण र बजारीकरणका माध्यमबाट कृषि क्षेत्रको विकास गर्न सकिने बताएका थिए।

'करिब ७८ प्रतिशत तामाङ समुदायको बसोवास रहेको यस कोन्ज्योसोम गाउँपालिकाको नामकरण स्थानीय पहिचान झल्किने गरी तामाङ भाषामा राखिएकोमा मलाई खुसी लागेको छ,' प्रधानमन्त्री प्रचण्डले भने।

२४ खर्ब ऋणमा छ मुलुक

५७ खर्ब पाँच अर्ब रुपैयाँ रहेको जिडिपीको तुलनामा ऋणको आकार ४२.०२ प्रतिशत



परियोजनामा ऋण परिचालन हुनुपर्छ

गोपीनाथ मैनाली, पूर्वसचिव

२४ खर्बको ऋणलाई धेरै भयो भन्न मिल्दैन। विश्वमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) भन्दा बढी ऋण लिने देश पनि छन्। जसले उल्लेखनीय प्रगति हासिल गरिरहेका छन्। मूल विषय ऋणको उपयोग कस्तो क्षेत्रमा भइरहेको छ भन्ने महत्त्वपूर्ण हो।

आन्तरिक ऋण उत्पादनशील क्षेत्रमा परिचालन हुन सकेको छैन। नेपालमा बजेट परम्परागत भयो। आधुनिक बजेटले दीर्घकालीन सोचमा ध्यान दिनुपर्छ। ऋण परिचालन यस्तो परियोजनामा गर्नुपर्छ, जसले निजी र गैरसरकारी क्षेत्र परिचालन गराउन सकोस्। बजेटमा प्राथमिकता छुट्याएर खर्च गर्नुपर्छ।



- विदेशी मुद्रा आर्जन, परियोजना निर्माण र सस्तो ब्याजदर हुने भए पनि सरकारी अक्षमताका कारण बाह्य ऋण संकुचन हुन थालेपछि आन्तरिक ऋणकै भर
- वार्षिक बजेट फ्रिज हुने, तर ऋण शतप्रतिशत उठ्ने र उत्पादनमूलक क्षेत्रमा खर्च नहुने भन्दै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले उठायो प्रश्न

पवन तिमिल्सिना/नयाँ पत्रिका

वैशाख मसान्तसम्म सरकारले लिएको सार्वजनिक ऋणको आकार २३ खर्ब ९७ अर्ब रुपैयाँ पुगेको छ। चालू खर्चमा भइरहेको अस्वाभाविक वृद्धि र बर्सेनि लक्ष्यको तुलनामा न्यून राजस्व संकलन हुँदा सरकारले ऋण उठाएर खर्च धान्दै आएको छ। जसकारण आन्तरिक र बाह्य ऋणको बोझ बर्सेनि चुलिँदै गएको अर्थ मन्त्रालयले जनाएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालू आर्थिक वर्ष ०८०/८१ को १० महिनामा मात्रै ९८ अर्ब सात करोड रुपैयाँ ऋण दायित्व थपिएको छ। यो चालू आर्थिक वर्षमा प्राप्त भएको ऋण र साँवा-ब्याज तिरेर बाँकी भएको दायित्व हो। गत आर्थिक वर्ष ०७९/८० को १० महिनामा यस्तो दायित्व एक खर्ब २१ अर्ब रुपैयाँ थपिएको थियो। यसरी बर्सेनि ऋण थपिँदै गएर हालसम्म तिर्नुपर्ने ऋणको दायित्व २३ खर्ब ९७ अर्ब रुपैयाँ पुगेको हो।

यसमध्ये आन्तरिक ऋण ११ खर्ब ८४ अर्ब ४८ करोड रुपैयाँ र बाह्य ऋण १२ खर्ब १२ अर्ब ९५ करोड रुपैयाँ छ। सुरुवातमा सरकारले बाह्य ऋण र अनुदानमा जोड दिने गरेको थियो, तर पाँच वर्षयता बाह्य ऋण लक्ष्यअनुसार संकलन हुन नसकेपछि सरकार आन्तरिक ऋणमा भर पर्न थालेको छ।

मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ५७ खर्ब पाँच अर्बसँग दाँज्ने हो भने ऋणको आकार ४२.०२ प्रतिशत हो। जिडिपीको आधासम्म सार्वजनिक ऋण लिए पनि आर्थिक सूचकमा खासै असर नपर्ने विश्वव्यापी मान्यता भए पनि नेपालले लिएको ऋण पूर्वाधार निर्माणमा खर्चनुभन्दा पनि साधारण खर्चमा प्रयोग भइरहेकाले चिन्ताको विषय बनेको छ।

यद्यपि, जिडिपीको तुलनामा आधाभन्दा कम मात्रै ऋण भएकाले अतालिनुपर्ने अवस्था नरहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालय प्रमुख एवं सहसचिव दीर्घराज मैनालीको भनाइ छ। सरकारले यही गतिमा ऋण लिइरहे दुई वर्षपछि आव ०८२/८३ सम्म सार्वजनिक ऋणको हिस्सा ४९.१ प्रतिशत पुग्ने कार्यालयले प्रक्षेपण गरिसकेको छ।

सार्वजनिक ऋणमध्ये दातृ राष्ट्र र निकायबाट जतिसक्दो धेरै उठाउनुपर्ने भए पनि सरकार असफल देखिएको छ। त्यसैले आन्तरिक ऋण सक्दो लिइएको, तर वैदेशिक ऋण ल्याउन नसकेको मैनालीले बताए। उनले भने, 'हामी अहिले आन्तरिक ऋण धमाधम उठाइरहेका छौं। तर, वैदेशिक ऋणको अपेक्षित मात्रामा आउन सकेका छैनौं।'

चालू आर्थिक वर्षमा सरकारले दुई खर्ब १२ अर्ब ७५ करोड विदेशी ऋण प्राप्त गर्ने लक्ष्य लिएकोमा १० महिनामा ३४.६१ प्रतिशत मात्रै प्राप्त गर्न सकेको छ। त्यस्तै, दुई खर्ब ४० अर्बको आन्तरिक ऋण उठाउने लक्ष्य लिएकोमा एक खर्ब ९१ अर्ब रुपैयाँ उठाइसकेको छ।

तिर्नुपर्ने कुल ऋण दायित्वमध्ये आन्तरिक ऋणको हिस्सा २०.७६ प्रतिशत छ भने बाह्य ऋणको हिस्सा २१.२६ प्रतिशत छ।

वैदेशिक ऋण ल्याउँदा विदेशी मुद्रा आर्जन गर्न सकिने, परियोजनामा तोकेर रकम आउने भएकाले पूर्वाधार निर्माण हुने र ब्याजदर पनि सस्तो हुने गर्छ। जसकारण आन्तरिक ऋणको तुलनामा बाह्य ऋण बढी लाभ लिन सकिने किसिमको हुन्छ। सरकारले लिएको वैदेशिक ऋणमा पनि आधाभन्दा बढी हिस्सा प्रमुख दातृ निकाय विश्व बैंकको छ।

विश्व बैंकको आइडिएलाई नेपालले तिर्नुपर्ने ऋणको हिस्सा ४९.५९ प्रतिशत छ। त्यस्तै, आइफाडलाई ०.९ प्रतिशत र आइएमएफलाई ४.४५ प्रतिशत छ। एसियाली विकास बैंक (एडिबी)लाई तिर्नुपर्ने ऋण ३१.६२ प्रतिशत छ। यसरी वैदेशिक ऋणतर्फ एडिबी र विश्व बैंकलाई तिर्नुपर्ने हिस्सा मात्रै ८८ प्रतिशत छ।

द्विपक्षीय रूपमा लिएको ऋणमा जापानलाई तिर्नुपर्ने ऋणको हिस्सा अधिक छ। जापानले कुल ऋणको ४.६१ प्रतिशत, भारतको ३.३८ प्रतिशत र चीनको २.९५ प्रतिशत छ। अन्य देशहरूको हिस्सा न्यून छ।

दुई खर्ब ३३ अर्ब साँवा-ब्याज भुक्तानी

सरकारले चालू आर्थिक वर्ष ०८०/८१ को १० महिनामा दुई खर्ब ३३ अर्ब रुपैयाँ सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा खर्चेको छ। चालू आवमा सरकारले भुक्तानीका लागि छुट्याएको मध्येबाट थप ९७ अर्ब २८ करोड रुपैयाँ तिर्न बाँकी छ। चालू आवमा तीन खर्ब ३० अर्ब ५६ करोड तिर्ने सरकारी योजना छ। आन्तरिक ऋणको साँवा-ब्याजबापत एक खर्ब ९४ अर्ब ६८ करोड भुक्तानी भएको छ भने विदेशी ऋणको साँवा-ब्याजबापत ३८ अर्ब ५९ करोड ४६ लाख भुक्तानी भएको छ।



ऋण उत्पादनमूलक क्षेत्रमा खर्च भएन : वित्त आयोग

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले बर्सेनि उठाइने आन्तरिक ऋणको प्रयोग उत्पादनमूलक परियोजनामा हुन नसकेको जनाएको छ।



आयोगले विगतका वर्षमा जस्तै आगामी आर्थिक वर्षको बजेटका लागि आन्तरिक ऋणको सीमा सिफारिस गर्ने क्रममा पूर्वाधार निर्माणलगायतमा रकम खर्चन सुझाव दिएको छ। पछिल्लो पाँच आर्थिक वर्षको बजेट खर्चको प्रगति लक्ष्यअनुसार नभएको, तर आन्तरिक ऋण भने शतप्रतिशत उठाइएकोमा आयोगले आपत्ति जनाएको छ।

आयोगले भनेको छ, 'बजेट खर्चको प्रगति विवरण हेर्दा आन्तरिक ऋणको परिचालन उत्पादनमूलक परियोजनामा मात्र सीमित छैन कि भन्ने आशंकामा बल पुग्याएको छ। एकातिर अनुमानित बजेट पूर्ण रूपमा परिचालन हुन नसक्ने, तर अर्कोतर्फ सार्वजनिक आयका अन्य औजारमा यथोचित प्रयास नगरी सहज रूपमा ऋणमा मात्र केन्द्रित हुँदै जाँदा ऋणको परिचालन ऋणको सैद्धान्तिक धारभन्दा बाहिर जान सक्ने हुँदा यसतर्फ चनाखो बन्नुपर्ने देखिन्छ।'

कमजोर पुँजीगत खर्च र लक्ष्यको आधाभन्दा पनि कम बाह्य स्रोत परिचालनले आन्तरिक ऋणको प्रवाह चालू प्रकृतिका खर्चमा केन्द्रित हुने, समग्र खर्च घट्दा पनि आन्तरिक ऋण नघट्ने र वैदेशिक सहायता परिचालनको प्रभावकारिता तथा अनुमान योग्यतासमेत कमजोर हुँदै गएको आयोगको विश्लेषण छ।

सिद्धार्थ बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति २०८१/०२/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तल उल्लेखित गैह्र बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक व्यक्ति/फर्म/संस्थालाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिएको छ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण

क्र.सं.	जिल्ला	न.पा/गा.वि.स	वडा नं.	कित्ता नं.	क्षेत्रफल
१	भक्तपुर	भक्तपुर	१७ घ	९०८	०-३-०-३ (रोपनि)
२	भक्तपुर	कटुन्जे	७ ख	१९७२	०-१०-१-३ (रोपनि)
३	भक्तपुर	कटुन्जे	७ क	५९५	०-११-०-० (रोपनि)
				६१३	०-६-०-१ (रोपनि)
				६१५	०-४-३-३ (रोपनि)

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८१/०२/२५ गते १६:०० बजेभित्र यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०२/२६ गते १६:०० बजे यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति (खरिद गरि लिन चाहेको आंशिक/सम्पूर्ण सम्पत्तिको विवरण उल्लेख गर्नुपर्ने) के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुनसुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/संस्था/कम्पनी स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्ति/संस्था/कम्पनीलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
विशेष सम्पत्ति (कर्जा असुली) इकाई
हात्तीसार, काठमाडौं
फोन नं. ०१-५९७०७१९
Website: www.siddharthabank.com

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०२/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति
२०८१/०२/२५ गते/स्थान : शाखा कार्यालय नयाँ बानेश्वर, काठमाडौं

बोलपत्र खोलिने मिति/समय
२०८१/०२/२८ गते, सोमबार दिनको ३ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना	
१.	**नाम : मुक्ती नाथ दुलाल** ना.प्र.नं. २६१२-३१३९७, जि.प्र.का. सिन्धुपाल्चोक, जारी मिति : २०४२/११/१० बाबुको नाम : डुम प्रसाद दुलाल, बाजेको नाम : युग दत्त दुलाल ठेगाना : सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. ६, हाल : सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. ११	
	जमानतकर्ताको विवरण	
	१. नाम : सागर दुलाल ना.प्र.नं. २४१०५८-१७५३६, जि.प्र.का. सिन्धुपाल्चोक जारी मिति : २०६६/०२/२५ बाबुको नाम : मुक्ती नाथ दुलाल बाजेको नाम : डुम प्रसाद दुलाल ठेगाना : सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. २ हाल : सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. ११	**२. नाम : शरद दुलाल** ना.प्र.नं. २४१०५८-१७५३५, जि.प्र.का. सिन्धुपाल्चोक जारी मिति : २०६६/०२/२५ बाबुको नाम : मुक्ती नाथ दुलाल बाजेको नाम : डुम प्रसाद दुलाल ठेगाना : सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. ११
	३. नाम : कुमारी संजु दुलाल ना.प्र.नं. २३८६, जि.प्र.का. सिन्धुपाल्चोक, जारी मिति : २०५३/१०/०६ बाबुको नाम : लुमा कान्त पोखेल, पतीको नाम : मुक्ति नाथ दुलाल ठेगाना : सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. ०४, हाल : सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. ११	
	धितोको विवरण	
	मुक्ती नाथ दुलालको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. २ स्थित कित्ता नं. १०२०, १०२२, १३४७, ६३२ र ११५६ को क्षेत्रफल क्रमशः १-२-०-१, ०-२-३-०, ०-१-०-०, ०-५-०-३ र ०-१-३-२ रोपनी भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : नयाँ बानेश्वर, काठमाडौं, फोन नं. ०१-४५६२५५१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

१२८ मेगावाट क्षमताको मेवा-तमोर आयोजना शिलान्यास



मेवा-तमोर जलविद्युत् आयोजनाको शिलान्यास गरिँदै।

- २५ असोज ०८५ भित्र उत्पादन गर्ने गरी निर्माण थालिएको आयोजनाको अनुमानित लागत २४ अर्ब ३२ करोड
- वर्षायाममा ६१ करोड ९७ लाख युनिट र सुक्खायाममा नौ करोड १६ लाख युनिट बिजुली उत्पादन हुने

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

स्पार्क हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड प्रवर्द्धक रहेको एक सय २८ मेगावाटको मेवा-तमोर जलविद्युत् आयोजनाको बिहीबार शिलान्यास गरिएको छ। आगामी २५ असोज ०८५ भित्र बिजुली उत्पादन गर्ने गरी विद्युत् प्राधिकरण सम्झौता भएको प्रवर्द्धक स्पार्क हाइड्रोका अध्यक्ष भानेन्द्रकुमार लिम्बूले जानकारी दिए। आयोजनाको कुल लागत २४ अर्ब ३२ करोड अनुमान गरिएको छ। कुल लागतमध्ये ७५ प्रतिशत बैंक ऋणबाट र २५ प्रतिशत प्रवर्द्धकबाट सेयर पुँजी लगानी हुने लिम्बूले बताए।

आयोजनाबाट उत्पादन हुने विद्युत् खरिद-बिक्रीदर वर्षायाममा प्रतियुनिट ४.८० रुपैयाँ र सुक्खायाममा प्रतियुनिट ८.४० रुपैयाँ रहेको छ। आयोजनाले वार्षिक ७१ करोड १४ लाख ३३ हजार दुई सय ९८ युनिट बिजुली उत्पादन गर्नेछ। आयोजनाले वर्षायाममा ६१ करोड ९७ लाख ४० हजार चार सय २३ युनिट र सुक्खायाममा नौ करोड १६ लाख ९२ हजार आठ सय ७५ युनिट बिजुली उत्पादन हुनेसमेत कार्यक्रममा अध्यक्ष लिम्बूले बताए। वर्षायामको अवधि वैशाखदेखि मंसिरसम्म र सुक्खायामको अवधि पुसदेखि चैत महिनासम्म हुनेछ। आयोजनाले वर्षायाममा कुल उत्पादित ऊर्जाको ६० प्रतिशत सुक्खायाममा र ९० प्रतिशत वर्षायाममा उत्पादन हुने बताएको छ।

कुमारी बैंकको अगुवाइमा विभिन्न बैंक तथा वित्तीय कम्पनीले लगानीको प्रतिबद्धता गरेको लिम्बूले बताए। उनले वित्तीय व्यवस्थापन गरिसकिएको बताए। 'वित्तीय व्यवस्थापन हुँदै गर्दा हामी सेयर पुँजीबाट लगानी परिचालन गर्नेछौं,' लिम्बूले भने।

मेवाको पानी तमोरमा ल्याएर मिसाएपछि आउने जडित क्षमता एक सय २८ भएकाले यसको नाम मेवा-तमोर रहेको हो। मेवाको पानी तमोरमा खसाल्न २५ सय मिटर सुरुङ खन्नुपर्छ भने बिजुली उत्पादनका लागि तमोरको मुहानदेखि भूमिगत विद्युत्गृहसम्म चार हजार सात सय ६१ मिटर सुरुङको अवश्यकता रहेको कम्पनीका प्रबन्ध निर्देशक सुधीर चौधरीले बताए। ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिका र फुङलिङ नगरपालिकामा संरचना रहने यो आयोजनाबाट उत्पादित बिजुली विद्युत् केन्द्रदेखि प्राधिकरणको मैवाखोला-१ (ढुंगेसाँघु) सबस्टेसनसम्म दुई सय २० केभी प्रसारणलाइन जोडिनेसमेत बताइएको छ।

सिएफ मोटोको बुकिङ खुला



काठमाडौं/ दुईपांग्रे सवारीसाधन ब्रान्ड सिएफ मोटो तथा जिहो ब्रान्डका सवारीसाधनको बुकिङ खुला भएको छ। नेपालका लागि आधिकारिक वितरक रिलायन्स ग्रुपअन्तर्गतको ऋषि ट्रेड सेन्टरले सिएफ मोटोका एनके-२५०, एसआर-२५०, एनके-४५० को टेस्ट ड्राइभ बुकिङ खुला भएको जनाएको छ। साथै, जिहोका एई-६ एलआर तथा सिटी स्पोर्टस् मोडेल सार्वजनिक गरेसँगै टेस्ट ड्राइभ बुकिङ खुला गरेको हो।

विभिन्न उमेर समूहलक्षित सिएफका उत्पादन र विद्युतीय सवारीसाधन रोज्नेका लागि जिहो ब्रान्डले नेपालमा नयाँ कोसेढुंगा स्थापित गर्ने विश्वास कम्पनीले लिएको छ। सिएफ तथा जिहोका उत्पादन टेस्ट ड्राइभ तथा बुकिङका लागि नक्साल, भम्सिखेल तथा सल्लाघारीमा रहेका आधिकारिक सोरुममा सम्पर्क गर्न सकिने कम्पनीले जनाएको छ।

बुकिङसँगै सर्भिस क्याम्प, ग्राहक साक्षात्कार तथा रोड साइड सहायता सेवालगायतका विभिन्न सेवासमेत सुरु गरिएको कम्पनीले जनाएको छ।

टिभिएसको नयाँ सोरुम बानेश्वरमा

काठमाडौं/ सान्भी अटो लिंकले नयाँ बानेश्वरमा आफ्नो नयाँ टिभिएस सोरुम उद्घाटन गरेको छ। हास्यकलाकार सन्दीप क्षेत्री र भक्तपुर वडा नं २ का सांसद दुर्लभ थापाले रिबन काटेर सोरुमको उद्घाटन गरे।

कार्यक्रममा सान्भी अटो लिंकका सञ्चालक श्रीकृष्ण थापाले टिभिएस प्रयोगकर्तालाई उच्चस्तरका उत्पादन र सेवा उपलब्ध गराउने बताए। यस नयाँ सोरुमले टिभिएस बाइक तथा स्कुटरका साथै स्पेयर पार्टस् र सवारीसाधन मर्मत-सम्भारलगायत सेवा प्रदान गर्ने कम्पनीको भनाइ छ।

सांग्रिला साइकल ऱ्यालीका लागि रजिस्ट्रेसन खुला

काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंकले साइकल ऱ्याली गर्ने भएको छ। बैंकले 'इन्धन बचाऔं, वातावरण जोगाऔं' भन्ने नारासहित डेभलपमेन्ट बैंकर्स एसोसिएसन, बिवाइडी तथा अन्य संघ-संस्थासँगको सहकार्यमा साइकल ऱ्याली आयोजना गर्न लागेको हो।

साइकल ऱ्यालीमा सहभागी हुन चाहनेलाई १६ जेठसम्म निःशुल्क दर्ता गरी सहभागिता सुनिश्चित गर्न बैंकले आग्रह गरेको छ।

ऱ्याली १९ जेठमा बिहान ७ बजेदेखि सानोगौचरन मैदानबाट सुरु भई नागपोखरी, नारायणहिटी, दरबारमार्ग, भद्रकाली मन्दिर, सहिद गेट, त्रिपुरेश्वर रंगशाला, थापाथली, माइतीघर, बिजुलीबजार, नयाँबानेश्वर पानीट्यांकी, पुरानोबानेश्वर, गौशाला, रातोपुल, जर्मन एम्बेसीबाट सानोगौचरन मैदानमा पुगी समापन हुने बैंकले जनाएको छ।

बैंकका अनुसार ऱ्यालीमा सहभागी हुनेले टिसर्ट र भाग्यमानी एकजना सहभागीलाई साइकल तथा अन्य बम्पर पुरस्कार प्रदान गरिनेछ।

Laxmi Laghubitta Bittiya Sanstha Ltd.

लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

(लक्ष्मी सन्राइज बैंक लि. को सहायक कम्पनी)

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय:
कपन मार्ग, महाराजगञ्ज, काठमाण्डौ। फोन नं.: ०१-४३७३६८२, ०१-४३७३६०४
इमेल: info@laxmilaghu.com.np, वेबसाइट: https://laxmilaghu.com.np

कर्जा रकम नियमित/चुक्ता गर्ने सम्बन्धी सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८१/०२/११)

यस वित्तीय संस्थाको विभिन्न शाखा कार्यालयहरुबाट सामूहिक जमानीमा आधारित विना धितो कर्जा तथा धितो सुरक्षणका आधारमा विभिन्न शीर्षक अन्तर्गत लिनु भएको ऋण/कर्जा वापत संस्थालाई तिर्नुपर्ने साँवा, ब्याज रकम तोकिएको म्याद भित्र केहि ऋणी सदस्यहरुबाट भुक्तानी नभएको र यस अघि कर्जा नियमित वा चुक्ता/भुक्तानी गर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा बारम्बार अनुरोध/तरताकेता गर्दा पनि कर्जा नियमित वा चुक्ता/भुक्तानी नगरी कर्जा उपभोग गर्दा संस्थासंग गरेको लिखतको शर्त कवुलियतको उल्लंघन गर्नुभएकोले कर्जाको बक्यौता साँवा, ब्याज रकम कार्यालयमा सम्पर्क राखी अबिलम्व नियमित वा चुक्ता/ भुक्तानी गर्नु भई असल ऋणीको पहिचान देखाउन सम्बन्धित ऋणीहरुको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र हाल सम्म तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज रकम सम्बन्धित शाखा कार्यालयमा गएर एकमुष्ठ बुझाउनु होला। अन्यथा, प्रचलित कानून वमोजिम ऋण/कर्जा असुलीको लागि आवश्यक प्रक्रिया अगाडी बढाइने छ। यस सूचना पश्चात पनि कर्जा नतिर्ने ऋणीहरुको तीन पुस्ते विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गरिने, सुरक्षणमा रहेको धितो लिलामीको प्रक्रिया शुरु गरिने वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा जमानीकर्ताको नाम कालोसूचीमा समावेश गर्न कर्जा सूचना केन्द्रमा सिफारिस गरी पठाइने ब्यहोरा सम्बन्धित ऋणी, जमानतकर्ता तथा हकवाला सबैलाई यो सूचना मार्फत जानकारी गराइन्छ। यस कार्यबाट ऋणी सदस्यहरु, जमानीकर्ता र हकवालाको व्यक्तिगत तथा सामाजिक मान प्रतिष्ठामा कुनै आँच पुगेमा संस्था जवाफदेही नहुने समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले जापानबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	HIACE	MINIBUS	TOYOTA	KDH223R-LEMDY	2982	JAPAN	1	8,880,000	8,880,000

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.
आनन्दनगर, धुम्वाराही, काठमाडौं
एक्जीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित

एनआईबिएल सहभागिता फण्ड

(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०८१ बैशाख मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	२०८१ बैशाख मसान्त रकम (रु.)	२०८० चैत्र मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी	मूल्य (रु.)	मूल्य (रु.)
१	सूचीकृत शेयर	१,७०५,५५१,३९५	१,७४३,३७१,७०२
२	बैंक मुद्दती निक्षेप	४२२,०००,०००	४१२,०००,०००
३	ऋणपत्र/बन्ड	१६३,९२६,४१८	१६३,९२६,४१८
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/ बोनस शेयर/अन्य सूचीकृत नभएको	३१३,४१०,०००	३१३,७७५,०००
	जम्मा	**२,६०४,८८७,८१३**	**२,६३३,०७३,१२०**
	चालु सम्पत्ति	मूल्य (रु.)	मूल्य (रु.)
१	बैंक मौज्दात	९३३,३६४,४९७	७७१,६८७,४८९
२	अन्य सम्पत्ति	२४,७९६,१९०	२२,०६६,४५८
	जम्मा	**९५८,१६०,६८७**	**७९३,७५३,९४७**
	चालु दायित्व	मूल्य (रु.)	मूल्य (रु.)
१	अन्य दायित्व	(५४३,२९८,७०९)	३८२,६७७,४४६
	जम्मा	**(५४३,२९८,७०९)**	**३८२,६७७,४४६**
	खुद सम्पत्ति (ग्रस)	**३,०१९,७४९,७९१**	**३,०४४,१४९,६२१**
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	३,७१८,८४३	१०,८७७,४२६
	कोष सुपरिवेक्षक शुल्क	३०७,७६६	९००,२०१
	खुद सम्पत्ति	**३,०१५,७२३,१८२**	**३,०३२,३७१,९९४**
	जम्मा इकाई	२९९,९३३,१४४	२९९,८७१,४६७
	प्रति इकाई खुद मूल्य	**१०.०५**	**१०.११**

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८१ बैशाख मसान्त रकम (रु.)	२०८० चैत्र मसान्त रकम (रु.)
१	प्राप्त भइसकेको आम्दानी	११७,१९२,६५८	१०२,९४९,१११
२	प्राप्त भइनसकेको आम्दानी	(११८,३३५,६४६)	(९०,६६३,४३१)
	जम्मा आम्दानी	**(१,१४२,९८९)**	**१२,२८५,६८०**
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	५,६८३,१३८	१,६१६,३९४
२	योजना लेखापरीक्षण शुल्क	९३,४९६	८३,८९९
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	२८,२३४,३५०	२८,२३४,३५०
४	कोष सुपरिवेक्षक शुल्क	२,३३६,६३६	२,३३६,६३६
	जम्मा खर्च	**३६,३४७,६२०**	**३२,२७१,२७९**
	कुल आय/(व्यय)	**(३७,४९०,६०९)**	**(१९,९८५,५९९)**

नोट: • सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मुल्यांकन गरिएकोछ।
• योजनाको २०८१ बैशाख मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका शेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.२,८००,२३२,८२८ रहेको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

सि.नं.	विवरण	संख्या	मूल्यांकन रकम
	वाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	१३०,०५०	१८,५७१,१४०
२	कुमारी बैंक लिमिटेड	६२,८८४	८,८२८,९१४
३	सिद्धार्थ बैंक लिमिटेड	६२,६६७	१४,३३८,२१०
४	ग्लोबल आईएमई बैंक लिमिटेड	७६,५७७	१३,६३०,७०६
५	सानिमा बैंक लिमिटेड	४०,७७५	९,७४५,२२५
६	नबिल बैंक लिमिटेड	६६,४३६	२८,६२०,६२९
७	प्राईम कमर्सियल बैंक लिमिटेड	१४०,२४२	२७,६२७,६७४
८	माछापुच्छ्रे बैंक लिमिटेड	११५,०१६	१९,६६७,७३६
९	एनआईसी एसिया बैंक लिमिटेड	१०६,४६९	३८,६४८,२४७
१०	नेपाल बैंक लिमिटेड	८३,४६४	१७,२६०,३५५
११	एनएमबि बैंक लिमिटेड	१०४,४९९	१८,४८५,८७३
१२	एभरेष्ट बैंक लिमिटेड	५२,०३८	२६,५३४,१७६
१३	हिमालयन बैंक लिमिटेड	४४,८९२	८,११६,४७४
१४	स्ट्यान्डर्ड चार्टर्ड बैंक लिमिटेड	७५,४४४	४०,७५४,८४९
१५	लक्ष्मी सनराईज बैंक लिमिटेड	६४,६३०	९,९४६,५५७
१६	कुमारी बैंक लिमिटेड (संस्थापक सेयर)	५०,०००	५,३००,०००
	विकास बैंक समूह		
१	मुक्तिनाथ विकास बैंक लिमिटेड	१०३,५३९	३६,२३८,६५०
२	गरिमा विकास बैंक लिमिटेड	७७,१६०	२८,४३३,४६०
३	महालक्ष्मी विकास बैंक लिमिटेड	५५,४२३	१८,४५५,८५९
४	ज्योति विकास बैंक लिमिटेड	७८,९३४	२३,४४३,३९८
५	शाइन रेसुङ्गा डेभलप्मेन्ट बैंक लिमिटेड	३०,५७७	११,८६०,८१८
६	कामना सेवा विकास बैंक लिमिटेड	९०,१७६	३४,०८६,५२८
७	लुम्बिनी विकास बैंक लिमिटेड	१२८,३०६	४८,३७१,३६२
	फाइनान्स समूह		
१	आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड	२८,८२९	१४,९०४,५९३
२	गुडविल फाइनान्स लिमिटेड	५८,०६२	२६,७०८,५२०
३	मन्जुश्री फाइनान्स लिमिटेड	६७,८४८	३४,२७६,८१०
४	रिलायन्स फाइनान्स लिमिटेड	७,८००	३,०२१,७२०
५	सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेड	३,३१०	१,३०१,८२३
	जलविद्युत समूह		
१	चिलिमे हाईड्रोपावर कम्पनी लिमिटेड	२४८	१०६,९३८
२	सान्जेन जलविद्युत् कम्पनी लिमिटेड	२५,६२४	६,८४१,६०८
३	रसुवागढि हाईड्रोपावर कम्पनी लिमिटेड	३१,६१८	८,३८८,२५५
४	अपि पावर कम्पनी लिमिटेड	४४,२८६	७,५७२,९०६
५	अरुण काबेली पावर लिमिटेड	७०,०५३	११,४४६,६६०
६	माउन्टेन इनर्जी नेपाल लिमिटेड	८०,६५६	४२,२६३,७४४
७	साहस उर्जा लिमिटेड	६२,५२६	३०,७३१,५२९
८	रिडि पावर कम्पनी लिमिटेड	४४,१४२	७,२२६,०४५
९	मिड सोलु हाईड्रोपावर लिमिटेड	१,३६५	८४२,३४२
१०	माथिल्लो मैलुन खोला लिमिटेड	१,६७३	७५१,०१०
११	भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड	३,२५३	१,४८६,६२१
१२	चिरख्वा हाईड्रोपावर कम्पनी लिमिटेड	८२९	४२२,७९०
	जीवन बीमा समूह		
१	लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	२४,९१९	३१,९२१,२३९
२	नेशनल लाईफ इन्स्योरेन्स कं लिमिटेड	४३,३१०	२३,५६०,६४०
३	एशियन लाईफ इन्स्योरेन्स कं लिमिटेड	५४,३११	३०,८४८,६४८
४	सूर्यज्योति लाइफ इन्स्योरेन्स लिमिटेड	६३,५१७	२५,९९१,१५६
५	हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड	४८,७१५	१८,७४५,५३२
६	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३१,६११	१७,०६९,९४०
७	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड	४२,२५२	१८,७५५,६६३
८	रिलायवल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२२,५७३	९,७२८,९६३
	निर्जिवन बीमा समूह		
१	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	८५,३०९	६७,४७९,४१९
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	१८,७४७	१५,७९९,९७२
३	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	५४,३१९	३२,३६८,६९२
४	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड	४६,५२१	३५,७००,२१५
५	आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	३८,७५४	२०,५७८,३७४
६	प्रभु इन्स्योरेन्स लिमिटेड	९,९८०	७,८०४,३६०
७	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	२९,९३५	२२,५४७,०४२
	लघुवित्त समूह		
१	फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,१८२	२३,४११,१२०
२	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	७०,७२२	५७,९४२,५३५
३	डिप्रोक्स लघुवित्त वित्तयी संस्था लिमिटेड	५६,८७३	३९,५२६,७३५
४	साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड	१९,३४४	१५,४७५,२००
५	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	२५,६५७	१६,७०२,७०७
६	एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेड	२६,९४४	१७,१४१,७७३
७	समाज लघुवित्त वित्तीय संस्था लिमिटेड	९९	२०६,९१०
८	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	४१,४४८	२७,१८९,८८८
९	मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड	१६,६८६	११,१७९,६२०
१०	ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	१०,४६७	८,२१४,५०२
११	नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड	४९,८३३	२९,६५०,६३५
१२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड (संस्थापक)	२५,११६	१५,०६९,६००
	होटेल तथा पर्यटन समूह		
१	सोल्टि होटल लिमिटेड	८४,८१५	३७,६३२,४१६
२	ओरियण्टल होटल लिमिटेड	७,१००	५,३५९,०८०
	उत्पादन तथा प्रशोधन समूह		
१	शिवम् सिमेन्ट्स लिमिटेड	५७,९७६	२८,६२८,५४९
२	हिमालयन डिष्टिलरी लिमिटेड	२७,१७३	३५,०५३,१७०
३	सोनापुर मिनरल्स एण्ड ओइल लिमिटेड	११,६२०	९,५१२,८००
४	सर्वोत्तम सिमेन्ट्स लिमिटेड	७,०६३	५,४०३,१९५
	सामुहिक लगानी कोष समूह		
१	एनआईसी एसिया फ्लेक्सी क्याप फण्ड	५००,०००	४,२५०,०००
२	ग्लोबल आईएमई ब्यालेन्स्ड फण्ड - १	२५०,०००	२,१२०,०००
३	एनएनबि सुलभ इन्भेष्टमेन्ट फण्ड - २	५००,०००	४,६७५,०००
४	सानिमा ग्रोथ फण्ड	७५०,०००	६,४२७,५००
५	सनराइज फोकस्ड ईक्वीटी फण्ड	१,५००,०००	११,४९०,०००
६	प्रभु स्मार्ट फण्ड	१,०००,०००	८,५२०,०००
७	आरबिबि म्युचुअल फण्ड - २	६५०,०००	५,६४८,५००
८	सिद्धार्थ इनभेष्टमेन्ट ग्रोथ स्कीम ३	३२५,०००	२,८९२,५००
९	सिटिजन्स् सुपर ३० म्युचुअल फण्ड	९४९,९००	७,८९३,६६९
१०	लक्ष्मी भ्यालु फण्ड २	७००,०००	५,४०४,०००
११	हिमालयन ८०-२०	१,४९९,२७५	१३,०४३,६९३
१२	एनआईसी एसिया ग्रोथ फण्ड - २	२,५००,०००	१९,४७५,०००
१३	कुमारी सबल योजना	१,७५०,०००	१४,१२२,५००
	लगानी समूह		
१	नागरिक लगानी कोष	८,५८०	६,८४६,८४०
२	इमर्जिङ नेपाल लिमिटेड	११,८२२	२४,८०२,५५६
	अन्य		
१	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	५४,०५३	३७,०२६,३०५
२	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	१०,९७७	९,०३४,०७१
३	मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	१,७५०	१,४८७,५००
४	नेपाल वेयरहाउजिङ कम्पनी लिमिटेड	२,७१८	२,०११,३२०
५	हिमालयन रिइन्स्योरेन्स लिमिटेड	७७,९८८	४४,०६३,२२०
६	बोटलर्स नेपाल (तराई) लिमिटेड	५३१	६,७८६,१८०
	कुल		**१,७०५,५५१,३९५**

कोष प्रवर्द्धक: **NIMB** नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाण्डौ।
फोन नं : ४२२८२२९, फयाक्स नं : ४२२६३४९, ४२२८९२७
Email: info@nimb.com.np, Website: www.nimb.com.np

योजना व्यवस्थापक: **NIMB ACE CAPITAL LIMITED** एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४४२५२८०, फयाक्स: ४००५०८४
Email: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

NIC ASIA एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशनमा रहेको व्यवस्था बमोजिम जमानतकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गरि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १८८७९/०७६/०७७ स्थानीय व्यापार, अन्तर्गत मिति २०७७/०३/२२ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९, स्थित **मिन्नती एण्ड पुर्णीमा सप्लायर्स** **प्रोप्राइटर तथा जमानीकर्ता: दुर्गा रंजित (श्रेष्ठ)** स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ११ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९ बाबु : कृष्णमान श्रेष्ठ ससुरा : लालकाजी रंजित पति : मोहन रंजित	**मोहन रंजित** स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ११ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९ बाबु : लालकाजी रंजित बाजे : मंगल प्रसाद रंजित

धितोको विवरण

१) कृष्णमान श्रेष्ठकी छोरी, लालकाजीकी बुहारी, मोहन रंजितकी पत्नि, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९ बस्ने दुर्गा रंजित (श्रेष्ठ)को नाममा मालपोत कार्यालय कास्की, पोखराको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, निर्मलपोखरी गा.वि.स वडा नं. ६ स्थित किता नं. १७१० को क्षेत्रफल ०-५-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) मिन्नती एण्ड पुर्णीमा सप्लायर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
२)	**कृष्ण राज पाण्डे** ठेगाना : जुम्ला जिल्ला, तातोपानी गा.पा. वडा नं. ४ बाबु : धर्मलाल पाण्डे बाजे : देविशरण पाण्डे	जन्मजय उपाध्यायकी छोरी, देविशरणकी बुहारी, धर्मलालकी पत्नी, जुम्ला जिल्ला, हाँकु गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, तातोपानी गा.पा. वडा नं. ४ बस्ने बिष्णुमाया पाण्डेको नाममा मालपोत कार्यालय जुम्लाको लगतमा दर्ता कायम रहेको जुम्ला जिल्ला, हाकु गा.वि.स. वडा नं. ४ ख स्थित किता नं. ११६ को क्षेत्रफल १७५० (बर्ग मिटर) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

जमानीकर्ताको विवरण

१) बिष्णुमाया पाण्डे स्थायी ठेगाना : जुम्ला जिल्ला, हाँकु गा.वि.स. वडा नं. ५ हालको ठेगाना : जुम्ला जिल्ला, तातोपानी गा.पा. वडा नं. ४ बाबु : जन्मजय उपाध्याय ससुरा : देविशरण पाण्डे पति : धर्मलाल पाण्डे	**२) कृष्ण माया पाण्डे** स्थायी ठेगाना : जुम्ला जिल्ला, हाँकु गा.वि.स. वडा नं. ५ हालको ठेगाना : जुम्ला जिल्ला, तातोपानी गा.पा. वडा नं. ४ बाबु : नवराज चौलागाई ससुरा : धर्मलाल पाण्डे पति : कृष्ण राज पाण्डे	**३) नव राज पाण्डे** स्थायी ठेगाना : जुम्ला जिल्ला, हाँकु गा.वि.स. वडा नं. ५ हालको ठेगाना : जुम्ला जिल्ला, तातोपानी गा.पा. वडा नं. ४ बाबु : धर्मलाल पाण्डे बाजे : देविशरण पाण्डे

ऋणीको विवरण

३) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय झापामा प्रा.फ.र.नं.९९७/७७०८ अन्तर्गत मिति २०७१/१२/२० मा प्राइभेट फर्म रेजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १३ स्थित **रोशन टि ट्रेडर्स**

प्रोप्राइटर तथा जमानतकर्ता: हेमन्त राज भट्टराई
स्थायी ठेगाना : झापा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ८
हालको ठेगाना : झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ७
बाबु : लक्ष्मी प्रसाद भट्टराई
बाजे : चन्द्रकान्त भट्टराई

जमानीकर्ताहरुको विवरण

१) लक्ष्मी प्रसाद भट्टराई स्थायी ठेगाना : भोजपुर जिल्ला, धोदलेखानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: झापा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ८ बाबु : चन्द्रकान्त भट्टराई बाजे : नारद मुनि भट्टराई	**२) दुर्गा आचार्य** स्थायी ठेगाना : झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : झापा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ८ बाबु : डिल्लीराम आचार्य ससुरा : लक्ष्मी प्रसाद भट्टराई पति : हेमन्त राज भट्टराई	**३) डेग राज भट्टराई** ठेगाना: झापा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ८ बाबु : लक्ष्मी प्रसाद भट्टराई बाजे : चन्द्रकान्त भट्टराई
४) सीता देवी भट्टराई स्थायी ठेगाना : उदयपुर जिल्ला, हडिया गा.प. वडा नं. ६ हालको ठेगाना: झापा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ८ बाबु : लक्ष्मी प्रसाद ससुरा : चन्द्रकान्त भट्टराई पति : लक्ष्मी प्रसाद भट्टराई	**५) मिलन भट्टराई** ठेगाना: झापा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ८ बाबु : लक्ष्मी प्रसाद भट्टराई बाजे : चन्द्रकान्त भट्टराई	

धितोको विवरण

१) चन्द्रकान्त भट्टराईको नाति, लक्ष्मी प्रसाद भट्टराईको छोरा, झापा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ८ बस्ने हेमन्त राज भट्टराईको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, गरामनी गा.वि.स. वडा नं. ९/९ग (हाल झापा जिल्ला, बिर्तामोड न.पा वडा नं. १०) स्थित किता नं. ४९७४ को क्षेत्रफल ४९१०.२७ (ब.मी.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) डिल्लीराम आचार्यकी छोरी, लक्ष्मी प्रसाद भट्टराईकी बुहारी, हेमन्त राज भट्टराईकी पत्नी, झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ८ बस्ने दुर्गा आचार्यको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, हल्दीबारी गा.वि.स. वडा नं. ४/४क स्थित किता नं. २१३५ को क्षेत्रफल २०३१.८४ (ब.मी.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) रोशन टि ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
४)	प्रदेश सरकार, (प्रदेश नं. २), उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा उद्योग दर्ता नं. ७९८४/२८३/१८५/११ (गौर) अन्तर्गत मिति २०७७/०६/२३ मा औधोगिक व्यवसाय ऐन, २०७३ को दफा ५ को तथा औधोगिक व्यवसाय नियमावली, २०७६ को नियम ४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, गौर न.पा. वडा नं. २ स्थित **आकाश कृषि फार्म** **प्रोप्राईटर तथा जमानीकर्ता: प्रमोद कुमार तिवारी**	१) रामनारायण पाण्डेकी छोरी, शिवशंकर तिवारीकी बुहारी, प्रमोद कुमार तिवारीकी पत्नी, रौतहट जिल्ला, वसतपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गौर न.पा. वडा नं. २ बस्ने कुमारी शिल्पी तिवारीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गौर गा.वि.स. वडा नं. ९ (हाल गौर न.पा. वडा नं. २) स्थित किता नं. २४४१ को क्षेत्रफल ०-०-१४१/४ (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) आकाश कृषि फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

जमानीकर्ताहरुको विवरण

१) कुमारी शिल्पी तिवारी स्थायी ठेगाना : रौतहट जिल्ला, वसतपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. २ बाबु : रामनारायण पाण्डे ससुरा : शिवशंकर तिवारी पति : प्रमोद कुमार तिवारी	**२) प्रमोद कुमार तिवारी** स्थायी ठेगाना : रौतहट जिल्ला, बसतपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. २ बाबु : शिवशंकर तिवारी बाजे : राम देवन तिवारी

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ)।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

अध्ययनसँगै विदेशमा प्रशिक्षण गरिरहेका नेपाली पौडीबाज

रमेश सुवेदी/नयाँ पत्रिका

नेपालको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय पौडी प्रतियोगितामा सहभागिता जनाउने पाँच खेलाडी अध्ययनसँगै विदेशमा प्रशिक्षण गरिरहेका छन्। गौरिका सिंह, डुवाना लामा, एलेक्जेन्डर शाह, नासिर याहा हुसेन र विकास कुमालले पढाइसँगै विदेशमा पौडीको प्रशिक्षण लिइरहेका छन्।

नेपालमा आयोजना हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगिताको छनोट खेलमा सहभागी हुन खेलाडी आफ्नै खर्चमा आउने गरेका छन्। पढाइको शिलशिलामा ती खेलाडी विदेशमा रहेको र त्यहीं नै नियमित प्रशिक्षण गरिरहेको संघका अध्यक्ष जगतमान श्रेष्ठले बताए।

'छनोट तथा राष्ट्रियस्तरको प्रतियोगिता नेपालमा आयोजना हुँदा उनीहरू आफ्नै खर्चमा आएर प्रतिस्पर्धा गर्छन्,' उनले भने, 'खेलाडी नेपाल आउँदाको आर्थिक भार संघले व्यहोर्ने गरेको छैन।'

विदेशमा रहेका खेलाडीले स्तरीय प्रशिक्षणका साथै एक्सपोजरसमेत पाइरहेको श्रेष्ठले बताए। 'यहाँ स्तरीय प्रशिक्षण दिन सकिरहेका छैनौं, यस्तो अवस्थामा विदेशमा रहेका नेपाली खेलाडीले अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण पाइरहेका छन्,' उनले भने, 'देशबाहिर र यहाँको प्रशिक्षणको तरिका फरक छ।'

पौडीका प्रशिक्षक शंकर कार्कीले पनि नेपालका धेरै खेलाडी विदेशमा रहे पनि थोरै मात्र नियमित रूपमा राष्ट्रिय प्रतियोगिता र विभिन्न छनोट खेलमा सहभागी हुन आउने बताए। उनले विदेशमा प्रशिक्षण गर्दा उनीहरूको स्तर यहाँका खेलाडीको भन्दा राम्रो रहेको जनाए। नेपाल पौडी संघमा काठमाडौं उपत्यकाभित्र राष्ट्रियस्तरका एक सय ९५ खेलाडी आबद्ध छन्। जसमा एक सय २५ जना पुरुष र ७० जना महिला छन्।

■ गौरिका सिंह (प्रशिक्षण अमेरिका)

पौडीमा गौरिका सर्वाधिक सफल खेलाडी हुन्। १३ वर्षको उमेरमै उनले रियो ओलम्पिक खेलेकी थिइन्। २०१६ मा ब्राजिलको रियोमा भएको ओलम्पिकमा उनी सहभागीमध्ये कम उमेरकी खेलाडी बनेकी थिइन्। बुबा पारस सिंह र आमा गरिमा राणा नेपालभन्दा विदेशमा रहँदा गौरिकाले त्यहीं नै प्रशिक्षण गर्छिन्। अहिले गौरिका परिवारसँगै अमेरिकामा छिन्। २०१९ मा नेपालमा आयोजना भएको १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा सहभागी हुन गौरिकाले लन्डनमै प्रशिक्षण गरेकी थिइन्। त्यसवेला उनले कीर्तिमानी रूपमा चार स्वर्ण जितिन्। १३औं सागमा गौरिकाले सय, दुई सय र चार सय मिटर फ्रिस्टाइल तथा दुई सय मिटर ब्याकस्ट्रोकमा स्वर्ण पदक जितेकी थिइन्। विदेशमा रहँदा पनि नेपालमा आयोजना हुने राष्ट्रिय पौडी र विभिन्न अन्तर्राष्ट्रिय पौडी प्रतियोगिताका लागि आयोजना हुने छनोट खेलमा सहभागी हुन गौरिका आउने गर्छिन्। प्रतियोगितापछि उनी आमाबुबासँगै फर्कने गर्छिन्। उनले भारतको गुवाहाटीमा भएको १२औं सागमा रजत र कांस्य पदक जितेकी थिइन्। नेपालगन्जमा भएको आठौं राष्ट्रिय खेलकुदमा उनले कीर्तिमानी रूपमा १२ स्वर्ण जितेकी थिइन्।





■ डुवाना लामा (प्रशिक्षण स्कटल्यान्ड र थाइल्यान्ड)

युनिभर्सियालिटी कोटामा पेरिस ओलम्पिकमा स्थान पक्का गरेकी डुवानाले कहिले स्कटल्यान्ड त कहिले थाइल्यान्डमा रहेर अभ्यास गरिरहेकी हुन्छिन्। उनका बुबा नेपाली र आमा आइरिस हुन्। आमाबुबा कामको शिलशिलामा स्कटल्यान्ड र थाइल्यान्डमा रहँदा डुवानाको स्विमिङ प्रशिक्षण त्यहीं नै हुन्छ। नेपालमा आयोजना हुने प्रत्येक राष्ट्रिय खेलकुद प्रतियोगितामा उनले सहभागिता जनाउने गरेकी छिन्। त्रिभुवन आर्मी क्लबमा आबद्ध डुवानाले दर्शौं राष्ट्रिय खेलकुदमा कीर्तिमानसहित नौ स्वर्ण जितेकी थिइन्। उनले १३औं सागमा दुई सय मिटर ब्रेकस्ट्रोक र दुई सय मिटर बटरफ्लाईमा रजत हात पारेकी थिइन्। ०६४ देखि पौडीमा करिअर सुरु गरेकी डुवानाले राष्ट्रका लागि फ्रिस्टाइल, बटरफ्लाई, व्यक्तिगत मिड्ले, मिड्ले रिले र ब्रेस्टस्ट्रोक विधामा प्रतिस्पर्धा गर्दै आएकी छिन्।

■ एलेक्जेन्डर शाह (प्रशिक्षण अमेरिका)

डुवानाझैं एलेक्जेन्डरले पनि युनिभर्सियालिटी कोटामै पेरिस ओलम्पिक खेल्ने पक्का गरेका छन्। २०२० को टोकियो ओलम्पिकको अनुभव बटुलेका उनी अहिले अमेरिकामा छन्। त्यहाँ पढाइसँगै उनले ओलम्पिकको प्रशिक्षण गरिरहेका छन्। आर्मीमा आबद्ध एजेक्जेन्डर पनि राष्ट्रिय तथा विभिन्न छनोट खेल खेल्न नेपाल आउने गर्छन्। अमेरिकामा पढाइसँगै उनले पेरिस ओलम्पिकको तयारी गरिरहेका छन्। नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा उनले आर्मीबाट ५० मिटर फ्रिस्टाइलमा आफ्नै कीर्तिमान सुधार गरेका थिए। २१ वर्षीय एलेक्जेन्डरले पछिल्लोपटक दोहामा भएको विश्व इक्वेस्टिक र १९औं एसियाड खेलेका थिए।



■ नासिर याहा हुसेन (प्रशिक्षण थाइल्यान्ड)

अहिलेको युवा पुस्ताका राम्रा खेलाडीमा नासिर पर्छन्। पौडी इभेन्ट्समा महत्त्वपूर्ण मानिने फ्रिस्टाइलमा नासिर राम्रा छन्। धेरैजसो समय नेपालमै रहे पनि अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण गर्न उनी थाइल्यान्डको बैंकक जाने गर्छन्। अन्तर्राष्ट्रिय पौडी प्रतियोगितामा सहभागी हुन उनी बैंककमा प्रशिक्षण गर्छन्। १७ वर्षीय नासिरले दोहामा भएको वर्ल्ड इक्वेस्टिक च्याम्पियनसिप र १९औं एसियाडमा भाग लिएका थिए। घरेलु टोलीमा उनी आर्मीमा आबद्ध छन्। पोखरामा भएको नवौं राष्ट्रिय खेलकुदमा उनले १५ सय मिटर फ्रिस्टाइलमा आफ्नै कीर्तिमान सुधार गरेका थिए।



■ विकास कुमाल (प्रशिक्षण अमेरिका)

युवा खेलाडीमा विकास नाम चलेका खेलाडी हुन्। अहिले उनी पढाइको शिलशिलामा अमेरिकामा छन्। अमेरिकामा रहे पनि उनको दैनिक प्रशिक्षण चलिरहेको छ। प्रशिक्षण र पढाइ समानान्तर रूपमा अगाडि बढाइरहेका विकासले पछिल्लोपटक २०२२ मा १६औं फिना विश्व च्याम्पियनसिप खेलेका थिए। पौडी करिअरमा नाम चलेको अन्तर्राष्ट्रिय खेल खेलेको नै उनले दोहामा थियो। २० वर्षीय खेलाडीले ब्रेस्टस्टोकको ५०, सय र दुई सय मिटरमा प्रतिस्पर्धा गर्छन्।



अन्तर्राष्ट्रिय कबड्डीमा भाग लिँदै नेपाल



नयाँ पत्रिका

नेपाली राष्ट्रिय पुरुष कबड्डी टोलीले बंगलादेशमा आयोजना हुने चौथो बंगबन्धु कपमा प्रतिस्पर्धा गर्दै छ। २६ मेदेखि ३ जुनसम्म हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा १२ राष्ट्रको सहभागिता रहने अखिल नेपाल कबड्डी संघका महासचिव अरबिन्दकुमार झाले जानकारी दिएका छन्। घनश्याम रोकामगरको कप्तानीमा नेपाली टोलीले प्रतिस्पर्धा गर्ने झाले बताए। टोलीमा गणेश कार्की, मनोज भट्ट कपाडी, जितेन्द्र अवस्थी, सागर यादव, इसरात मियाँ, कमलेश लोनिया, प्रकाश गिरी, खगेन्द्र जोशी, सुशील चुनारा, रोहन श्रेष्ठ र विशाल थापा छन्।

चौथो बंगबन्धु कपमा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी लिग कम नकआउटका आधारमा खेल खेलाइनेछ। नेपाल रहेको समूह 'ए'मा आयोजक बंगलादेश, श्रीलंका, इराक, मलेसिया र इन्डोनेसिया छन्। समूह 'बी'मा थाइल्यान्ड, जापान, पाकिस्तान, दक्षिण कोरिया, केन्या र पोल्यान्ड छन्।

> भारतको चर्चित कबड्डी प्रो लिगको अनुभव बटुलेका नेपाली पुरुष खेलाडीले चौथो बंगबन्धु प्रतियोगितामा चुनौती प्रस्तुत गर्ने

नेपाली खेलाडीसँग भारतीय प्रो-लिगको अनुभव

नेपाली टोलीमा केही खेलाडीसँग भारतको चर्चित प्रो-लिग कबड्डी खेलेको अनुभव छ। नेपालका कप्तान घनश्याम भारतको चर्चित प्रो-लिग कबड्डी खेलिरहेका छन्। प्रो-लिगको १०औं संस्करणमा उनले हरियाणा स्टिलर्सबाट प्रतिस्पर्धा गरेका थिए। त्यसवेला उनी १३ लाख भारुमा अनुबन्ध भएका थिए। उनले पहिलो सहभागितामै चार टोलीविरुद्ध प्रतिस्पर्धा गर्ने अवसर पाए। उनले तेलगु टाइटन्स, गुजरात जाइन्ट्स, यु मुम्बा र बेंग्लुरु बुल्स विरुद्ध खेलेका थिए।

घनश्याम प्रो-लिगमा आबद्ध हुने नेपाली खेलाडीमध्ये सर्वाधिक पारिश्रमिक लिने खेलाडी हुन्। भारतीय कबड्डी प्रो-लिगमा नेपालबाट सञ्जय श्रेष्ठ र जयबहादुर बोहरा समान आठ आठ लाख भारुमा अनुबन्ध भएका थिए। यसैगरी, लालमोहर यादव र नागेश्वर चौधरीले समान १०-१० लाख भारतीय रुपैयाँ पारिश्रमिक लिएको महासचिव झाले बताए।

बंगलादेशमा सहभागी हुने टोलीलाई बिहीबार राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बिदाइ गर्दै १९औं एसियाली खेलकुद प्रतियोगिता (एसियाड)मा महिला टोलीलाई सहभागी गराउँदा थुप्रै प्रश्न सामना गर्नुपरेको खुलासा गरे। तर, चीनको हाङझाउमा महिला कबड्डी टोलीले नेपाललाई पहिलो पदकका रूपमा कांस्य दिलाउँदै सहभागिताको पुष्टि गरेको घिसिङले बताए।

सन्दीपलाई अमेरिकाको भिसा दिलाउन पहल सुरु



काठमाडौं/ क्रिकेटर सन्दीप लामिछानेलाई आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी गराउन अमेरिकाको भिसा दिलाउन कूटनीतिक पहल हुने भएको छ। युवा तथा खेलकुद मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत प्रक्रिया अघि बढाएको हो।

खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ र नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काबीच बिहीबार भएको छलफलपछि परराष्ट्र मन्त्रालयलाई सन्दीपको भिसा उपलब्ध गराउन आवश्यक सहजीकरण गर्न अनुरोध गर्दै पत्र पठाइएको छ। मन्त्री श्रेष्ठले खेलाडीलाई भिसा उपलब्ध गराउन सबै किसिमको पहल गर्ने बताएका छन्।

'मन्त्रालयबाट गर्नुपर्ने सबै पहल गरिसकेको र अझै पनि सबै किसिमको सहयोगलाई जारी राख्छौं,' श्रेष्ठले भने। नेपालस्थित अमेरिकी दूतावासले बुधबार सन्दीपलाई भिसा दिन अस्वीकार गरेको थियो। त्यसपछि उनले सामाजिक सञ्जालबाट आफूलाई दोस्रोपटक अमेरिकी दूतावासले भिसा नदिएको जनाएका थिए। १ जुनदेखि अमेरिका र वेस्ट इन्डिजमा विश्वकप सुरु हुँदै छन्। नेपाली टोलीले अमेरिकाको ह्युस्टनमा प्रशिक्षण गरिरहेको छ। नेपालले शुक्रबार र शनिबार ह्युस्टन हुरिकेन्ससँग दुई अभ्यास खेल्नेछ।

खेल संक्षेप

विन्ध्यवासिनी अपराजित

कास्की/ पोखरामा चलिरहेको यू-१९ वाइवाइ कास्की जिल्ला पुरुष क्रिकेट छनोट प्रतियोगितामा विन्ध्यवासिनीले अपराजित यात्रा जारी राखेको छ। पोखरा रंगशालामा भएको पहिलो खेलमा भद्रकालीले बाराहीलाई ६१ ले हरायो। दोस्रो खेलमा विन्ध्यवासिनीले अकलालाई ३० रनले पराजित गऱ्यो। पहिलो ब्याटिङ गरेको विन्ध्यवासिनीले २० ओभरमा पाँच विकेट गुमाएर २०२ जोडेको थियो। प्रत्युत्तरमा अकला २३.२ ओभरमा १७२ रनमा समेटियो। विन्ध्यवासिनीका ओपनर सफल श्रेष्ठले ८८ रन बनाए।

नवलपुरमा स्कुल टु ओलम्पिक

काठमाडौं/ नवलपुरको मध्यविन्दु नगरपालिकामा स्कुल टु ओलम्पिक सम्पन्न भएको छ। प्रदेश खेलकुद परिषद् गण्डकीको वार्षिक कार्यक्रमअनुसार नवलपुरको पाँच पालिकाका विभिन्न विद्यालयका कक्षा ८ देखि १२ कक्षासम्म अध्यापनरत दुई सय विद्यार्थी र ओलम्पियनबीच अन्तर्क्रिया भएको थियो। ओलम्पियन एसोसिएसनका अध्यक्ष दीपक विष्टले खेलकुदको उर्वर भूमि नवलपुरमा ओलम्पियन र विद्यार्थीबीचको संवादले अनुशासित युवा खेलाडी उत्पादन हुने बताए। विद्यार्थी राष्ट्रको कर्णाधारसमेत रहेको जनाउँदै विष्टले उनीहरूलाई अनुशासित रूपमा अगाडि बढाउनुपर्ने औंल्याए। अन्तर्क्रियामा नेपाल ओलम्पियन संघका महासचिव राजेन्द्र भण्डारी, नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठलगायतले आफ्ना भनाइ राखेका थिए।

एनएसकेए अन्तर्राष्ट्रिय कराँते हुने

काठमाडौं/ नेपाल सोतोकान कराँते संघको आयोजनामा १५औं एनएसकेए अन्तर्राष्ट्रिय कराँते प्रतियोगिता शनिबारदेखि हुने भएको छ। प्रतियोगितामा नेपाल, भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका र भुटान गरी ६ राष्ट्रको सहभागिता रहने आयोजक संघका महासचिवसमेत रहेका प्रमुख प्रशिक्षक श्याम शेर्पाले बताए। प्रतियोगितामा ४० स्वर्ण, ४० रजत र ८४ कांस्यका लागि प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताअघि राखेप कभर्ड हलमै शुक्रबार प्रथम बागमती प्रदेश खुला कराँते प्रतियोगिता हुनेछ।

विश्वकपअघि बर्खास्तीमा परे दासानायके

एजेन्सी

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअघि क्यानडाले मुख्य प्रशिक्षक पुबुदु दासानायकेलाई हटाएको छ। क्यानडा क्रिकेट संघमा नयाँ नेतृत्व र प्रशिक्षकको विषयलाई लिएर विवाद भएपछि दासानायकेलाई बर्खास्त गरेको एजेन्सीले जनाएको छ। क्रिकेट क्यानडाका उपाध्यक्ष गुर्दिप क्लेयरले प्रमुख प्रशिक्षक हटाइएको जानकारी गराएका छन्। विश्वकप सुरु हुन डेढ साता बाँकी रहँदा प्रमुख प्रशिक्षक बर्खास्तपछि पनि नयाँ जिम्मेवारीबारे केही निर्णय भएको छैन।

गत महिना क्यानडाको क्रिकेट संघको निर्वाचन भएको थियो। नयाँ नेतृत्वले पुराना सदस्यलाई विस्थापित गरेको थियो। संघका उपाध्यक्ष गुर्दिपले आवश्यक प्रक्रियाअनुसारै प्रशिक्षक हटाइएको जनाएका छन्। संघले खडा गरेको तीन सदस्यीय छनोट कमिटी र दासानायकेबीच सम्बन्ध राम्रो छैन। संघले दासानायकेलाई हटाउनुको कारण स्पष्ट पारेको छैन।



दोस्रोपटकको कार्यकालमा दासानायकेले क्यानडालाई पहिलोपटक टी-२० विश्वकपमा छनोट गराएका थिए। २०११ मा उनी प्रशिक्षक र कप्तानी रहँदा क्यानडाले पहिलोपटक एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिता खेलेको थियो। २०२२ जुलाईदेखि दासानायकेले क्यानडाको राष्ट्रिय क्रिकेट टोलीको प्रमुख प्रशिक्षक पद सम्हालेका थिए। उनी श्रीलंका र क्यानडाका पूर्वखेलाडीसमेत हुन्। क्यानडाको क्रिकेट इतिहासमा उनी सफल प्रशिक्षकका रूपमा चिनिन्छन्। २०२३ मा उनकै प्रशिक्षकमा क्यानडाले एकदिवसीय मान्यता प्राप्त गरेको थियो। विश्वकपअन्तर्गत क्वालिफायर प्ले अफमा स्थान पक्का गरेपछि क्यानडाले एकदिवसीय मान्यता प्राप्त गरेको हो।

नेपाललाई पनि विश्वकप पुऱ्याए

दासानायकेले नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई दुईपटक सम्हाले। उनी २०११ देखि २०१५ सम्म नेपाली टोलीको प्रशिक्षक हुँदा नेपाल पहिलोपटक २०१४ मा टी-२० विश्वकपमा छनोट भएको थियो। उनको दोस्रोपटकको कार्यकाल त्यति लामो भएन। २०२१ देखि २०२२ सम्म उनले नेपाली टोलीको प्रमुख प्रशिक्षकको जिम्मेवारी निर्वाह गरेका थिए। त्यसवेला संघ र खेलाडीबीचको आन्तरिक कलहका कारण उनले राजीनामा दिएका थिए।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

सडक डिभिजन, शिवपुर

धरौटी रकम हकदाबी गर्न आउने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/०२/११

यस सडक डिभिजन शिवपुर कपिलवस्तुमा विभिन्न फर्म तथा व्यक्तिहरुको नाममा रहेको धरौटी रकम हालसम्म पनि फिर्ता लिन नआएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६७ (२) बमो जिम तपसिलका व्यक्ति तथा फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवश्यक प्रमाण सहित धरौटी फिर्ताका लागि हकदाबी गर्नुहुन सुचित गरिन्छ। म्यादभित्र हकदाबी गर्न नआएमा नियमानुसार धरौटी रकम सदर स्याहा भईजाने व्यहोरा जानकारी गराईन्छ।

तपसिल

क्र.स.	धरौटीदाताको नाम	धरौटी जम्मा भएको आ.व.	धरौटी रकम
१	निर्मल एण्ड एस निर्माण सेवा जे.भी.	२०६९/७०	१,४५,९७८.६१
२	मैनाचुली बिकोई जे.भी.	२०७३/७४	१,००,०००.००
३	निर्मल निर्माण सेवा	२०६९/७०	१,७३,६९९.२९
४	छहरे निर्माण सेवा	२०६९/७०	६२,६०१.३७
५	आशिका श्रीकुँवर जे.भी.	२०७१/७२	२,२७,२१७.००
६	शिद्धिसाइ प्रकाश कन्स्ट्रक्सन प्रा.लि.	२०७०/७१	६३,०००.००
७	आशिका निर्माण सेवा कपन	२०७१/७२	६१,८६०.००
८	गुप्ता निर्माण सेवा, घोराही दाङ	२०७३/७४	३,९२,६०२.००
९	निलगिरी नेशनल जे.भी.	२०७४/७५	१५,६५,६३६.००
१०	अहमद हुसेन कन्स्ट्रक्सन, अर्घाखाची	२०७४/७५	३,४१,८०४.००
११	सिद्धार्थ विल्डर्स	२०७३/७४	२२,२१,२३८.००
१२	एस.वि.ए. निर्माण सेवा प्रा.लि. काठमाडौं	२०७४/७५	७,२३,१८०.००

डिभिजन प्रमुख

आइपिएल प्लेअफमा धेरै पराजित हुने बेंग्लोर

एजेन्सी

रोयल च्यालेन्जर्स बेंग्लोर १७औं इन्डियन प्रिमियर लिग (आइपिएल) को प्लेअफबाट बाहिरिएको छ। राजस्थान रोयल्ससँग पराजित भएसँगै बेंग्लोरको यसपटक पनि उपाधि जित्ने सपना अधुरो रह्यो। आइपिएल इतिहासमा धेरैपटक प्लेअफमा पराजित हुने बेंग्लोर पहिलो टोली बनेको छ। अहिलेसम्म बेंग्लोरले प्लेअफमा १६ पटक प्रतिस्पर्धा गर्दा १० खेलमा हारको सामना गरेको छ। तीनपटक फाइनल पुग्दा पनि बेंग्लोरले उपाधि जित्न सकेन।

प्लेअफमा दोस्रो धेरै खेल गुमाउनेमा चेन्नई सुपर किंग्स हो। चालू सिजनको साबिक विजेतासमेत रहेको चेन्नई पाँचौं स्थानमा रहँदा प्लेअफसम्म पुग्न सकेन। २६ पटक प्लेअफ खेल्दा चेन्नई नौ खेलमा पराजित भएको छ। ११ प्लेअफ खेल्दा डेकन चार्जर्सले नौपटक हारको नतिजा निकाल्यो। यस सिजन पुछारमा रहेको मुम्बई इन्डियन्सले प्लेअफमा सात खेल गुमाएको छ। राजस्थानसँग फाइनल प्रवेशका लागि तयारी गरिरहेको सनराइजर्स हैदराबादले १२ पटक प्लेअफ खेल्दा सात खेलमा हारको सामना गरेको छ।

सामसनले वार्नको कीर्तिमान बराबरी गरे

राजस्थानका सन्जु सामसनले कप्तानीका रूपमा टोलीलाई धेरै जित दिलाउने बराबरी गरेका छन्। २०२१ देखि कप्तानीको अवसर पाएका सामसनले राजस्थानलाई ३१ खेलमा जित दिलाएका छन्। उनले पूर्वकप्तान सेन वार्नको कीर्तिमान बराबरी गरेका छन्। वार्नले पनि आफ्नो कप्तानीमा राजस्थानलाई ३१ खेलमा जित दिलाएका थिए। उनकै कप्तानीमा राजस्थानले आइपिएल उपाधि जितेको थियो। राहुल द्रविडले आफ्नो नेतृत्वमा १८ जित र स्टिभ स्मिथले १५ खेलमा राजस्थानलाई जित दिलाए।



■ आइपिएलमा कोहलीको आठ हजार रन

लगातार १७ सिजनमा ब्याटिङ अवसर पाएका बेंग्लोरका पूर्वकप्तान विराट कोहलीले बुधबार नयाँ रेकर्ड राखेका छन्। आइपिएलमा आठ हजार रन पूरा गर्ने उनी पहिलो खेलाडी बनेका छन्। उनले यस क्रममा दुई सय ५२ खेलमा आठ हजार चार रन जोडेका छन्। उनले आठ शतक तथा ५५ अर्धशतकीय इनिङ्स खेले। शिखर धवन सर्वाधिक व्यक्तिगत रन बटुल्ने खेलाडीको दोस्रो स्थानमा छन्। उनले दुई सय २२ खेलमा ६ हजार सात सय ६९ रन बनाएका छन्। उनले आइपिएलमा दुई शतक र ५१ अर्धशतकीय इनिङ्स खेलेका छन्।

मुम्बईका रोहित शर्मा ६ हजार ६ सय २८ रनका साथ तेस्रो स्थानमा छन्। उनले आइपिएलमा दुई शतक र ४३ अर्धशतकको योगदान दिए। अस्ट्रेलियन खेलाडी डेभिड वार्नरले एक सय ८४ खेलमा ६ हजार ५ सय ६५ रन जोडेका छन्। उनी चौथो स्थानमा छन्। उनले आइपिएलमा चार शतक र ६२ अर्धशतक बनाएका छन्। सुरेश रैना पाँचौं स्थानमा रहँदा पाँच हजार पाँच सय २८ रन बटुलेका छन्। उनले आइपिएलमा दुई सय पाँच खेल खेल्दै एक शतक र ३९ अर्धशतक बनाए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com